# वर्गदृष्टि

**Bargadrishti Weekly** साप्ताहिक

वर्ष १ अङ्क १८ | २०७३ कार्तिक २२ गते सोमबार | Monday, Nov. 7, 2016 | पृष्ठ ८ | मूल्य रु. १०/-


## न्हूँदया भिन्तुनामा क्रान्तिकारी माओवादीको शुभकमाना

काठमाडौं । नेकपा (क्रान्तिकारी माओवादी)का अध्यक्ष मोहन वैद्य'किरण'ले नेपाल संवत् ११३७ नयाँ वर्ष (न्हुदय या भिन्तुना)को अवसरमा देशभित्र र बाहिर रहेका सम्पूर्ण नेपालीहरुलाई शुभकामना दिएका छन् । नेपाल संवत्को अवसरमा एक विज्ञप्ती जारी गर्दै शुभकामना व्यक्त गरेका हुन् ।

यसैबीच, शंखधर साख्वा स्मृति प्रतिष्ठानले नेपाल संवत्को अवसरमा १५ कात्तिकमा आयोजना गरेको शुभकामना आदानप्रदान कार्यक्रममा देशभक्त जनगणतान्त्रिक मोर्चा, नेपालका अध्यक्ष सिपी गजुरेलले शुभकामना दिंदै विगतमा सुरुङ युद्ध गर्नेहरुले नै अहिले भारत परस्त व्यवहार देखाएको टिप्पणी गरेका थिए । नेपाल सरकारका प्रधानमन्त्री पुष्पकमल दाहाल प्रमुख अतिथि रहेको सो कार्यक्रममा अध्यक्ष गजुरेलले सरकारले देश र जनताको हितमा भन्दा पनि लगातार राष्ट्रघात र जनघात गर्दै आएको छ, भारतीय राष्ट्रपतिको भ्रमणमा सार्वजनिक विदा दिएर नेपाली जनतालाई नै लज्जित पार्ने काम गरेको भन्दै आक्रोश पोखेका थिए । कार्यक्रम भक्तपुरको ठिमी चोकमा भएको थियो ।

यसैबिच, नेवाः राष्ट्रिय मुक्ति मोर्चाले पनि उपत्यकाका विभिन्न ठाउँमा शुभकामना आदानप्रदान कार्यक्रम आयोजना गरेको थियो ।

### दिल्ली दरबारको चाकडीमा लम्पसार दाहाल सरकार

# नेपालको भुटानीकरण र सिक्किमीकरणको खतरा

◆ वर्गदृष्टि संवाददाता

**काठमाडौं ।** 'कहीं नभएको जात्रा हाँडी गाउँमा' भन्ने उखानलाई चरितार्थ गर्दै पुष्पकमल दाहाल नेतृत्वको सरकार दिल्ली दरबारको चाकडीमा लम्पसार परेको छ। भारतीय राष्ट्रपति प्रणव मुखर्जीको नेपाल भ्रमणको क्रममा सार्वजनिक विदा दिएर पुष्पकमल दाहाल नेतृत्वको सरकारले दिल्ली दरबारको भद्दारुपमा दलाली र चाकडी गरेको सर्वत्र चर्चा छ । दाहाल नेतृत्वको सरकारले मुखर्जीको भ्रमणमा काठमाडौं, जनकपुर र पोखरामा अघोषित रुपमा निषेधाज्ञा नै जारी गऱ्यो । र, सर्वसाधारणलाई सडकमा निस्कन समेत प्रतिबन्ध लगायो । सुरक्षाको नाममा आम नागरिकको दैनिक जीवन अस्तव्यस्त बनाइयो । समाचार संकलनका लागि निस्किएका पत्रकारहरुलाई समेत फोटो खिच्दाखिच्दै गिरफ्तार गरेर चरम यातना दिइयो। क्रान्तिकारी पत्रकार महासंघका कार्यालय सदस्य समेत रहेका पत्रकार लोकराज जैसीलाई फोटो खिच्दाखिच्दै एअरपोर्टबाट गिरफ्तार गरेर प्रहरी हिरासतमा चरम मानसिक यातना दिइयो ।

दाहाल सरकारको यस्तो रवैयालाई नेकपा (क्रान्तिकारी माओवादी)का कार्यालय सदस्य परि थापाले आफ्नो लेखमा 'दलाली र चाकरीको उन्मादी पराकाष्ठा' भनी टिप्पणी गरेका छन् भने लेखक किशोरप्रसाद जोशीले 'नवयुगको प्रचण्ड सामन्तवाद' भनेका छन् । सामाजिक संजालहरुमा त 'लम्पसारवाद-मूर्दावाद !' भन्ने भाइरल नै बन्यो । चौतर्फी आलोचानाका बावजुद दाहाल सरकार भने दिल्ली दरबारकै दलाली र चाकडीमा तल्लिन रह्यो ।

**किन गरे मुखर्जीले नेपाल भ्रमण ?**

कात्तिक १७ देखि १९ गतेसम्म नेपाल भ्रमणमा निस्किएका भारतीय राष्ट्रपति प्रणव मुखर्जीले भएका सबै औपचारिक अनौपचारिक कुराहरुमा नेपाल-भारतबीचको सम्बन्ध भनेको 'विशेष सम्बन्ध' हो, नेपाल-भारत सम्बन्धलाई चीनसँगको सम्बन्धसँग तुलना गर्न नसकिने भन्दै उनलाई भेट्न गएका र उनको कार्यक्रममा सरिक भएका नेताहरुलाई बुझाउन खोजे । चीनसँग पारवहन सन्धि गरिसकेको नेपाललाई चीनसँग नजिक हुन नदिने मुखर्जीको प्रयत्न हो भन्ने कुरा उनका भनाइ र गराइबाट प्रष्ट हुन्थे । पशुपतिनाथ मन्दिर परिसरमा पूजा गर्दा दिइएको मन्तव्य र जनकपुरमा दिइएको मन्तव्यलाई मात्र होइन, पोखरामा पूर्व गोर्खा सैनिक क्याम्पसम्म पुगेर उनले दिन खोजेको स्पष्ट सन्देश एउटै थियो कि नेपाल भारतको क्लचबाट बाहिर जान सक्दैन । ब्रिटिसकालीन मानसिकता बोकेका भारतीय विस्तारवादी शासकहरु नेपाललाई भूटानीकरण हुँदै सिक्किमीकरण गराउन चाहन्छन् । खुल्ला सिमाना, जनस्तरमा रहेको धार्मिक, साँस्कृतिकलगायतका सम्बन्धहरुको नाजायज फाइदा उठाउँदै नेपालका सबै प्राकृतिक सम्पदा र भूभागमाथि एकाधिकार स्थापित गराउन चाहन्छन् ।

**२५ बुँदे संयुक्त वक्तव्यद्वारा भुटानीकरण**

नेपालको सुरक्षा र परराष्ट्र मामिलालाई आफ्नो छाताभित्र पार्न भारतीय शासकवर्ग सफल बनिसकेको छ । बर्षौदेखिको भारतीय शासकवर्गको यो अभिष्ट नेपालका प्रधानमन्त्री पुष्पकमल दाहालले सजिलै पुरा गरिदिएका छन् । आफ्नो भारत भ्रमणको क्रममा ३१ भदौंमा जारी गरिएको संयुक्त वक्तव्यका १०, ११ र १२ नं. बुँदाले एउटा स्वतन्त्र र सार्वभौम मुलुकले राष्ट्रको सुरक्षा नीति र परराष्ट्र नीति कस्तो बनाउने भनेर निर्णय गर्न सक्ने सार्वभौम अधिकार खोसिसकेको छ । अब नेपालको सरकारले सुरक्षा र परराष्ट्र मामिलामा भारतको अनुमतिविना निर्णय लिन र कार्यान्वयन गर्न गराउन सक्दैन । अझ यसबीचमा वेटिङ प्रधानमन्त्रीको रुपमा रहेका कांग्रेस सभापति तथा पूर्व प्रधानमन्त्री समेत रहेका शेरबहादुर देउवालाई चीनविरोधी गतिविधि गरिरहेका दलाई लामा र तिब्बतीहरुको छायाँ सरकारका मन्त्री लोब्साङ साङ्गे समेतलाई सँगै एउटै कार्यक्रममा निम्त्याएर भारतीय शासकवर्गले एक चीन नीतिप्रति प्रतिबद्धता जनाउँदै आएको नेपालको चीन नीतिमा बदलाव ल्याउन खोजेको देखिन्छ । देउवालाई प्रधानमन्त्रीको पदमा आसन गराएर दाहाल सरकारबाट पुरा गर्न नसकेका स्वार्थहरु देउवाबाट पुरा गराउन खोजेको प्रष्ट देखिन्छ ।

**संविधान संशोधनमार्फत् सिक्किमीकरण**

दिल्लीका शासकहरुलाई खुशी पार्न उनीहरुले नै भने अनुसार अंगीकृत नागरिकता प्राप्त नेपालीले पनि नेपालको राष्ट्रपति तथा प्रधानमन्त्री हुन पाउने गरी संविधानको संशोधन गर्न सत्तारुढ पार्टीहरु सहमत भइसकेका छन् । नाकावन्दी लगाएर वाध्यात्मक रुपमा यी विषयहरुलाई संवैधानिक हैसियत दिलाउन खोजेको भारतीय शासकवर्गले अहिले सहजै आफ्नो पपेट सरकारमार्फत् संविधानमा छिराउन खोजेको छ । तराई मधेसमा युपी र विहारबाट खुल्ला सिमानाको फाइदा उठाउँदै घुसपैठ गराएर गैरनेपालीलाई नागरिकता वितरण गराउने, सिमांकन र निर्वाचन क्षेत्र निर्धारण लगायतका विषयमा पनि बहुमत बनाउने गरी संविधान संशोधनको तयारी भइरहेको छ । र, वैधानिक रुपमा नेपालको शासनसत्तामा भारतीय मूलका नागरिकलाई आसीन गराएर सहजरुपमा वैधानिक निर्णय गराएर नै सिक्किमलाई भारतमा विलय गराए झै नेपाललाई पनि भारतमा विलय गराउने डिजाइनमा भारत रहेको देखिन्छ । तर भारतको यो डिजाइन नेपाली जनताले पूरा भने हुन दिने छैनन् । संघर्षको लामो प्रक्रियाबाट गुज्रिएका नेपाली नागरिकहरु दिल्लीका शासकहरुका लागि फलामे चिउरा सावित हुनेछन् । नेपालमाथिको विस्तारवादी यो षड्यन्त्र बुझेपछि विस्तारवाद र साम्राज्यवादीहरुले प्रयोग गरिरहेका गोर्खाली सेनाहरु पनि नेपाली भूमिको रक्षार्थ लड्ने छन् ।

**निर्विकल्प देशभक्तिपूर्ण संघर्ष**

नेपाललाई भूटानीकरण र सिक्किमीकरण हुनबाट रोक्न नेपाली जनताको देशभक्तिपूर्ण संघर्षबाहेक अरु कसैले सक्दैन । नेकपा (क्रान्तिकारी माओवादी) लगायत आठ वामघटकले यस दिशामा आन्दोलनको उठान गरिसकेका छन् । अब यस आन्दोलनलाई थप सशक्त र विस्तार गर्न जरुरी छ । दलाल तथा नोकरशाही पुँजीवादी संयन्त्र, दलाल सरकार र त्यसले आम स्वाभिमानी नेपालीहरुमा पारेको भ्रमलाई चिर्दै वृहत् देशभक्तिपूर्ण आन्दोलनको उठान गर्नुको विकल्प छैन। ब्रिटिश साम्राज्यवादले अधिनस्त पार्न नसकेको स्वतन्त्र र सार्वभौम नेपालको रक्षार्थ भारतीय विस्तारवादका विरुद्ध जेहाद छेड्न विश्वभर छरिएर रहेका नेपालीहरु जुट्नुपर्ने देखिन्छ ।

## संविधान संशोधनको राष्ट्रघाती मस्यौदा प्रस्ताव

**वर्गदृष्टि संवाददाता**

काठमाडौं । अंगीकृत नागरिकता लिएका व्यक्तिहरुले नेपालमा १० वर्ष स्थायी बसोबास गरेपछि राष्ट्रपति, प्रधानमन्त्रीसहितका महत्वपूर्ण पदमा निर्वाचित हुन पाउने प्रावधानसहित सरकारले संविधान संशोधनको मस्यौदा तयार पारेको छ । यो प्रस्तावले अन्तरिम संविधानको व्यवस्थालाई नै निरन्तरता दिन खोजेको सत्तारुढ दल एवं मधेसी मोर्चाका नेताहरुको तर्क गरेका छन् । भारतीय राष्ट्रपति प्रणव मुखर्जीले तीन दिने नेपाल भ्रमणको क्रममा मधेसी मोर्चाको माग पुरा गराउन अन्तरिम संविधानमा भएको प्रावधान अनुसार संविधान संशोधन गर्न दलहरुलाई सुझाएका थिए । अन्तरिम संविधानमा संवैधानिक पदहरुमा अंगीकृत नागरिकका लागि १० वर्षे प्रावधान राखिएको थियो ।

मधेसी मोर्चाका नेताहरुले अन्तरिम संविधानको प्रावधान राखिए आफूहरुलाई मान्य हुने बताएका छन् । यही आधारमा सरकारले अन्तरिम *... बाँकी ८ पेजमा*

## भद्रगोलमै बिते दाहालका तीन महिना

काठमाडौं । नेकपा (माओवादी केन्द्र)का अध्यक्ष पुष्पकमल दाहाल दोस्रोपटक प्रधानमन्त्री बनेको तीन महिना पूरा भएको छ । राष्ट्रिय सहमति जुटाएर संविधान संशोधन गर्ने, भूकम्पपीडितलाई तत्काल राहत दिने, शान्ति प्रक्रियाका बाँकी कार्यभार पूरा गर्ने र छिमेकीसँगको सम्बन्ध सुधार गर्ने प्रतिबद्धतासहित प्रधानमन्त्री बनेका दाहालको तीन महिना सरकारको सुस्त गति र पार्टी व्यवस्थापनमा भद्रगोल अवस्थामा नै बितेको छ ।

संविधान संशोधन गरी मधेसी मोर्चालाई सहमतिमा ल्याउन प्रयत्न अघि बढाएपनि त्यसले सार्थकता पाउन सकेको छैन भने तीन महिनापछि आएको संविधान संशोधनको प्रस्तावमा पनि १० वर्ष बसोबास गरेका अंगीकृतलाई पनि राष्ट्रप्रमुख बनाउने राष्ट्रघाती प्रावधान समेटिएको छ । यसैगरी भूकम्पपीडितलाई तत्काल राहत उपलब्ध गराउने भनिएपनि अझै राहत पाउन सकेका छैनन् । यसैगरी शान्ति प्रक्रियाका बाँकी कार्यभार पूरा गर्ने भनिएपनि अझै एक कदम पनि अघि बढेको छैन । दाहालले अघिल्लो *... बाँकी ८ पेजमा*

### देशभक्त जनगणतान्त्रिक मोर्चा, नेपाल

## यसरी फैलँदैछ देशैभर

**काठमाडौं ।** क्रान्तिका तीन जादुगरी हतियारमध्ये एकको रुपमा व्याख्या गर्ने गरिएको देशभक्त जनगणतान्त्रिक मोर्चा, नेपाल देशैभर संगठन विस्तारको अभियानमा लागिरहेको छ। भदौं २५/२६ मा एक भव्य समारोहका बीच स्थापित भएको मोर्चा छोटै अवधिमा देशैभर सांगठानिक हिसाबले फैलादो छ। नेकपा (क्रान्तिकारी माओवादी)को वैधानिक मोर्चाको रुपमा स्थापना गरिएको यो मोर्चाले देशभित्रका १३ वटै राज्यन्तर्गतका जिल्लाहरुमा र प्रवासमा समेत संगठन विस्तारको कामलाई तीव्रता दिइरहेको छ । राष्ट्रियता,







जनतन्त्र र जनजीविकाका मुद्दाहरुलाई प्रखररुपमा उठाउँदै आएको मोर्चाले अब यी मुद्दाहरुलाई लिएर व्यवस्थित रुपमा संघर्षको उठान गर्ने तयारी गरिरहेको छ । पछिल्लो समयमा निर्माण गरिएका मोर्चाका राज्य समन्वय समिति र जिल्ला समितिहरुका संक्षिप्त विवरण यस्तो रहेको छ । *... बाँकी ७ पेजमा*

## के नेपाल 'एक चीन नीति'बाट पछि हट्दैछ ?

◆ वर्गदृष्टि संवाददाता

काठमाडौं । पुष्पकमल दाहाल'प्रचण्ड'ले एकहोरो चिनियाँ राष्ट्रपतिको नेपाल भ्रमणको रटान लगाइरहँदा चीनसँगको कुटनीतिमा एकपछि अर्को गल्तीको चाङ लगाउँदै गएको छ । सत्तारुढ घटक नेपाली कांग्रेसका सभापति तथा वेटिङ प्रधानमन्त्रीको रुपमा रहेका शेरबहादुर देउवाले चालेको पछिल्लो कदमले छिमेकी चीनलाई नराम्ररी झस्काएको छ । र, गम्भीर सवाल खडा हुन पुगेको छ कि 'के नेपाल एक चीन नीतिबाट पछि हट्न खोजेको हो ?'

देउवाले भारतीय सत्तारुढ पार्टी भाजपाको निमन्त्रणामा गोवामा भाजपाका बुद्धिजीविहरुको संस्था इण्डिया फाउण्डेसनले आयोजना गरेको तीनदिने सेमिनार 'इण्डिया आइडियाज कन्क्लेभ-१६'लाई दलाई लामासँगै सम्बोधन गरे । लामाका मन्त्री लोब्साङ साङ्गेले पनि सो सेमिनारलाई सम्बोधन गरेका थिए भने तिब्बती नेता दलाई लामाले भिडियो सम्बोधन गरेका थिए । कुटनीतिक वृतमा देउवाको यो कदमलाई निकै आश्चर्यपूर्वक हेरिएको छ । राजनीतिक विश्लेषक भरत दाहालले त आफ्नो फेसबुक स्टाटसमा लेखेका छन्, "तिब्बत मिशनमा आधारित रहेर नेपालको राजनीति प्रयोग भएको स्पष्ट भएपछि चिनियाँहरूको सतर्कताका कारणले नेपालभित्रको बाह्य शक्ति सन्तुलन त्रिकोणात्मक (चीन, भारत र यूरो-अमेरिका) बनि सकेको छ ।"

उनले लेखेका छन्, "मुखर्जी भ्रमण र दलाई लामाका मन्त्रीसंग देउवाको एउटै कार्यक्रममा उपस्थितिसम्मका दृष्यहरू हेर्दा रअ र सिआईएका एजेन्टहरू अब खुलेरै अगाडि आउने तयारीमा लगाइएको प्रतित हुन्छ । यसको सोझो अर्थ के हो भने यिनीहरूलाई चीन उत्तेजित गराउने र नेपाल पस्ने योजनामा प्रयोग गरिँदैछ ।"

राजनीतिक र कुटनीतिक वृतमा यस्तो पनि चर्चा गरिँदैछ छ कि भावी प्रधानमन्त्रीको रुपमा रहेका शेर बहादुर देउवालाई प्रयोग गरेर भारतीय शासकवर्ग एक चीन नीतिबाट नेपाललाई अलग गराउन चाहन्छ र इन्डो-अमेरिकन मिसनमा नेपाल र नेपाली शासकलाई प्रयोग गराउन चाहन्छन् । दाहाल सरकारले भारतीय शासकवर्गसँग गरेको २५ बुँदे समझदारीदेखि देउवाको कदमसम्मका घटनाक्रमहरुलाई सुक्ष्म ढंगले हेर्ने हो भने उल्लेखित विश्लेषणलाई नकार्न सकिन्न ।

### भारतीय राष्ट्रपतिको भ्रमण:

## चाकरी र दलालीको उन्मादी पराकाष्ठा

नेपालका दुईवटा निकतम छिमेकी देशहरुमध्ये एक भारतका राष्ट्रपति प्रणव मुखर्जीको तीनदिने नेपाल भ्रमण पूरा भइसकेको छ । यही २०७३ कात्तिक १७ देखि १९ गतेसम्म नेपाल भ्रमणमा आएका मुखर्जीले काठमाडौंका अतिरिक्त पोखरा र जनकपुरको समेत भ्रमण गरेका छन् । राष्ट्र एवम् सरकार प्रमुखहरुले आफ्ना छिमेकी तथा मित्र देश र राष्ट्रहरुको भ्रमण गर्ने गर्दछन् । त्यस प्रकारका भ्रमणहरु द्विपक्षीय सम्बन्धलाई सुधार गर्ने वा प्रगाढ बनाउने, आपसी सहयोग आदान प्रदान गर्ने, व्यापार एवम् उद्योगधन्दाको वृद्धि एवम् विस्तार गर्ने लगायतका उद्देश्य र विषयहरुलाई समेटेर वा ध्यानमा राखेर हुने गर्दछन् । मुखर्जीको भ्रमण अन्य उद्देश्यले भन्दा पनि नेपालको संविधानको विषयलाई लिएर भारतीय सत्ताले त्यसबारे अपनाएको दृष्टिकोण अर्थात् भारतीयहरुकै भनाइमा जानकारीमा मात्रै लिइएको भन्ने र त्यससँग सम्बन्धित भएर गरिएको अघोषित नाकाबन्दीका कारणबाट विग्रन र विथोलिन पुगेको नेपाल-भारत सम्बन्धलाई मल्हमपट्टि लगाउने उद्देश्यले भएको थियो भन्ने कुरा बुझ्न सकिन्छ । मुखर्जीको भ्रमणका सम्बन्ध र दौरानमा नेपालको राज्य र सरकारका तर्फबाट भएका काम कारबाही र हर्कतहरुका बारेमा व्यापक आलोचना र विवेचनाहरु गरिएका र भएका छन् । यहाँ त्यस विषयसँग सम्बन्धित भएर संक्षिप्त चर्चा गर्न खोजिएको छ ।



✍ परि थापा

आफ्ना छिमेकी एवम् मित्र देशका राष्ट्र वा सरकार प्रमुखलाई आफ्नो देशमा भ्रमण गर्न आमन्त्रण गरेपछि अतिथीको आतिथ्यताका लागि यथोचित ढंगले सत्कार, सम्मान, शिष्टाचार र सुरक्षा दर्शाउनु र प्रदान गर्नु पर्दछ । र तत्प्रयोजनका लागि उचित र आवश्यक सबै व्यवस्था मिलाउनु बाञ्छनीय कार्य नै हो । किनभने अतिथी बोलाउनुको तात्पर्य स्वागत र सम्मान व्यक्त गर्नकै लागि हो । र, त्यस प्रयोजनमा कुनै प्रकारको कमिकमजोरी र त्रुटी रहन नपाओस् भन्नेतर्फ आमन्त्रण गर्ने पक्ष उत्सुक, सजग र सचेत रहनुपर्ने कुरा स्वतः स्पष्ट छ ।

तर, हालै भारतीय राष्ट्रपतिको नेपाल भ्रमणका सन्दर्भमा नेपाल सरकारले मुखर्जीको आगमन हुनुलाई महान राष्ट्रिय पर्वको रुपमा मनाउने निर्णय गर्न पुगेको छ। त्यस दौरानमा सरकारले राष्ट्रव्यापी विदा घोषणा गर्ने निर्णय गऱ्यो र आफ्ना विदेशस्थित राजदूताबास र कुटनीतिक नियोगहरु समेत बन्द गर्ने निर्णय गऱ्यो । यसप्रकारको निर्णय गर्नुपर्ने कुनै आवश्यकता थिएन र त्यो निर्णयलाई कुनै पनि अर्थमा सहि मान्न सकिदैन । किनभने, राष्ट्र वा सरकार प्रमुखहरुको भ्रमण आदान-प्रदान गर्ने कार्य आवश्यकता अनुसार भैरहन्छ र त्यस्तो भ्रमण हुनु स्वभाविक हुन्छ। त्यसैगरी नेपाल सरकारले आफ्ना विशिष्ट अतिथिको सवारी आवागमन र सुरक्षालाई कारण बताउँदै मुखर्जीले भ्रमण गरेका स्थानहरु, जस्तै : काठमाडौं, पोखरा र जनकपुरमा अघोषित प्रकारको निषेधाज्ञा(कर्फ्यू) नै लगाउने काम भएको छ । र राज्य र सकारका तर्फबाट प्रदान गरिने जनसरोकारका सबै सेवा तथा कार्यहरु बन्द गरिएको छ । जसले गर्दा आम नेपाली नागरिकहरुको दैनिक जीवन प्रभावित होइन अस्तव्यस्त नै बन्न पुग्यो । त्यस क्रममा सर्वसाधारण जनताले आफ्नो आवागमनमा ठूलो कठिनाई र समस्या भोग्नु पऱ्यो भने सुरक्षाको कारण देखाएर घरको झ्याल ढोका समेत बन्द गरेर बस्नुपर्ने अवस्था सिर्जना गराइयो भने राज्य र सरकारका संचालकहरु त्यस्तो स्थिति सिर्जना गर्न सफल भएकोमा गौरवान्वित हुँदै आनन्दित मुद्रामा *... बाँकी ७ पेजमा*

## सम्पादकीय

# दलालीको पराकाष्ठा

पुष्पकमल दाहाल 'प्रचण्ड' नेतृत्वको सरकारले भारतीय विस्तारवादको दलालीको भद्दा नमूना पेश गरेको छ । कात्तिक १७ देखि १९ सम्म भारतका राष्ट्रपति प्रणव मुखर्जीले गरेको नेपाल भ्रमणमा सार्वजनिक विदा दिने, सडकमा अघोषित कर्फ्यू लगाउने, जनतालाई सास्ती दिनेदेखि समाचार संकलनका लागि निस्किएका पत्रकारहरुलाई समेत गिरफ्तार गर्ने र यातना दिने कार्य गरेर दाहाल नेतृत्वको सरकारले दलालीको पराकाष्ठा पार गरेको छ ।

विस्तारवादको दलाली गरेर सत्तामा टिक्ने नेपाली शासकहरुको परम्परालाई उत्कर्ष रुप दिंदै दाहाल सरकारले कुटनीतिक मर्यादाका पनि सबै सीमाहरु पार गरेको छ । भारतीय राष्ट्रपति आउँदा सार्वजनिक विदा दिने विषयलाई चिनियाँ राष्ट्रपतिलाई समेत जोडेर कुटनीतिक मर्यादाको सीमा नाघेको छ । भारत भ्रमणको क्रममा प्रम दाहालले भारतीय प्रधानमन्त्री नरेन्द्र मोदीसँगै संयुक्त रुपमा जारी गरेको वक्तव्य, र त्यसयताका घटनाक्रमहरुलाई आधार मानेर नेपाल भारतको सुरक्षा छाताभित्र पुगिसकेको र नेपालको पराराष्ट्र मामिलामा समेत भारतले दख्खल दिन थालेको बुझाइमा पुगेको चीनलाई विश्वासमा लिन गरिएको कुटनीतिक भूल सच्याउनुको सट्टा दाहाल सरकारले मुखर्जीको भ्रमणसँग जोडेर चीनलाई पनि विवादित बनाउनुले चीन अझ चिढिन पुगेको देखिन्छ । त्यसमाथि भारतको सत्तारुढ पार्टीको बुद्धिजीविहरुको संस्था इण्डिया फाउण्डेसनले आयोजना गरेको 'इन्डिया आइडियाज कन्क्लेव–२०१६'लाई सम्बोधन गर्न तिब्बतका नर्वासित नेता दलाई लामा, तिब्बती सरकारका मन्त्री लोब्साङ साङ्गे र नेपालका पूर्व प्रधानमन्त्री तथा हुनेवाला प्रधानमन्त्रीको रुपमा रहेका नेपाली कांग्रेसका सभापति शेरबहादुर देउवालाई सँगै बोलाएर भारतले नेपाललाई चीनबाट निकै टाढा पुऱ्याउने र आफ्नै क्लचमा पार्न खोजेको देखिन्छ । एक चीन नीतिप्रति प्रतिबद्ध रहँदै आएको नेपाललाई ६ दिने भारत भ्रमणमा रहेका देउवाको यो कदमले अझ विवादित बनाएको छ । चीनलाई चिढ्याउन यसले अझ ठूलो काम गरेको छ । विश्व आर्थिक शक्तिको रुपमा उदयीमान चीन, जो नेपालको छिमेकी हो, सँग गरिएको यस्तो कुटनीतिक खेलाँचीले नेपाल र नेपाली जनताको पटक्कै हित गर्दैन । यस विषयमा दाहाल सरकार र राजनीतिक दलहरु गम्भीर देखिएका छैनन् । बरु शासकहरु दिल्लीको दलाली र चाकडीमै आफ्नो सत्ताको आयु लामो बनाउने खेलमा तल्लिन देखिन्छन् ।

भ्रमणको क्रममा भारतीय राष्ट्रपति मुखर्जीले बारम्बार एउटै कुरा स्थापित गर्न खोजिरहे कि नेपाल र भारतको सम्बन्ध भनेको अन्य मुलुकसँगको भन्दा फरक हो र त्यो विशिष्ट छ । काठमाडौंको पशुपतिनाथ मन्दिर परिसरमा गरिएको विशेष पूजा र त्यस क्रममा दिएको अभिव्यक्ति, जनकपुर भ्रमणको क्रममा दिएका अभिव्यक्ति सबैमा मुखर्जीले जबर्जस्त स्थापित गराउन र नेपाली शासकहरुलाई भनाउन र स्वीकार्न खोजिएको विषय थियो– नेपालमाथि भारतको विशेष चासो हुनुको अर्थ ।

संविधान संशोधन गराएर आफ्ना स्वार्थहरुलाई वैधानिक हैसियत दिलाउन खोजेको दिल्लीले मुखर्जीमार्फत् त्यसका निम्ति सहमतिमा ल्याउन एमालेदेखि मधेसी मोर्चासम्मलाई प्रयत्न गऱ्यो । दिल्लीले अंगीकृत नागरिकता प्राप्त नेपालीले पनि प्रधानमन्त्री र राष्ट्रपति हुन पाउनुपर्ने भन्ने भनेर गरेको प्रस्तावमा सत्तारुढ दलहरु सहमत हुनुले दिल्ली नेपालमा अब वैधानिक रुपमा यहाँको शासनसत्ता हत्याउन सफल हुने राजनीतिक विश्लेषकहरुले दावीलाई नकार्न सकिन्न ।

भुटानीकरण गर्दै नेपाललाई सिक्किमीकरण गर्ने योजनामा रहेको भारतीय शासकले दाहालसँगको २५ बुँदे मार्फत् नेपाललाई भुटानीकरण गर्न सफल भइसकेको छ । अब संविधान संशोधन गरेर आफ्ना खाँट्टी दलालहरुलाई सत्तासिन गराएर सिक्किम बनाउने दिशातर्फ विस्तारवादी शासक अगाडि बढिसकेको छ । त्यसमा साथ दिइरहेका नेपालका दलाल शासकहरुले । देशभक्त र स्वाभिमानी नेपालीहरुले नेपालका दलाल शासकहरुको यस्तो देशद्रोही हर्कतका विरुद्ध विद्रोहको राँको बाल्न जरुरी छ । स्वाभिमानी नेपालीहरुको देशभक्तिपूर्ण विद्रोहले मात्र नेपाललाई भूटानीकरण र सिक्किमीकरण हुनबाट रोक्नेछ । यस दिशातर्फ सबै स्वाभीमानी नेपालीले गम्भीर भएर सोच्न जरुरी भइसकेको छ ।

परिवर्तनको सम्वाहक

मूलबाटो

सत्यतथ्य निश्पक्ष खबर तथा विचारका लागि सँधै हेर्ने र पढ्ने गरौं।

www.moolbato.com

# मालेमावादको वैज्ञानिक विचार र सर्वहारा क्रान्तिको प्रश्न



✍ दिनेश शर्मा

> अहिले नेपालको सर्वहारावर्गीय आन्दोलन सकेसम्म समाप्त बनाउने, त्यति गर्न नसके त्यसलाई कमजोर बनाउन चौतर्फी भ्रम सिर्जना गर्ने काममा सबै प्रकारका नामधारी कम्युनिष्टहरूबाट हुँदै आएको छ । सर्वहारावर्गको सिद्धान्त बोकेका कम्युनिष्टहरू मात्र होइन, पुँजीवादी वर्गको सिद्धान्त बोकेका बुर्जुवा वर्गको पनि आफ्नो दर्शन, राजनीति अर्थशास्त्र, फौजी लक्ष्य हुन्छ ।

मानव जातिको उत्पत्ति र त्यसको विकास सँगसँगै समाजमा दुईवटा वर्ग जन्मिन पुगे । समाजको एउटा सानो हिस्सामा रहेको चतुर वर्गले शासन सत्ता खडा गऱ्यो र आर्थिक, राजनीतिक, सामाजिकलगायत सबै प्रकारका अधिकारहरु आफ्नो वर्गको हातमा केन्द्रित गऱ्यो । समाजको अर्को ठूलो हिस्सामा रहेको मानव जातिलाई सबै प्रकारका शोषण, दमन र उत्पीडनको जालमा पाऱ्यो । यसरी खडा भएको विभेदकारी समाजमा एक पछि अर्को गर्दै वर्ग अन्तरविरोध पैदा हुँदै गयो । कहिले सुषुप्त अवस्थामा त कहिले सशक्त रुपमा वर्गीय लडाइँहरु जारी रहँदै आए । कतिपय यथार्थवादी कतिपय आदर्शवादी खोज, अनुसन्धानकर्ता तथा वैज्ञानिकहरुले वर्गसंघर्षको समाधानका विषयमा बाटो देखाउने निष्कर्षहरु पनि सार्वजनिक नगरेका होइनन् । त्यसले कतिपय अवस्थामा सुधारका काम त गऱ्यो तर समस्याको पूर्ण समाधानको तहमा पुग्न सकेनन्, किनकि, ती विचारहरु आफैमा अपूर्ण थिए ।

यद्यपि वर्गसंघर्षले समाजमा परिवर्तन भने ल्यायो । शासन सत्ताहरु फेरिए । शोषणका रुपहरु बद्लिए तर शोषक र शोषितहरुका बीचको अन्तरविरोध शासक र र शाषितहरुका बीचको अन्तरविरोध कायम रह्यो । दुईवटा वर्गका बीचको अन्तरविरोध कायम रह्यो । दास युगमा दास-दासी र दास मालिक तथा उसको सत्ताका विरुद्ध दास-दासीहरुले वर्गसंघर्ष चलाएका थिए भने सामन्तवादी युगमा किसानहरुले ठूला ठूला सामन्त तथा सामन्तवादी सत्ताका विरुद्ध किसानहरुले वर्गसंघर्ष चलाए । संसारका सबै मानिसहरुलाई थाहा छ- विश्वमा भएका ठूल्ठूला वर्ग संघर्षहरुले नै परिवर्तन गराएको हो र सँगै विकास पनि गराएको हो । जब पुँजीवादी वर्गको जन्म भयो, तब एकातिर ठूल्ठूला पुँजीपतिवर्गको उत्पत्ति भयो भने अर्कोतिर सर्वहारा मजदुरवर्ग । पुँजीपति वर्गका विरुद्धको वर्गसंघर्षले एउटा भीषण वर्गसंघर्षको रुप लिदै गर्दा विश्वमा देखापर्दै आएका यथास्थितिवादी तथा सुधारवादी प्रकारका दार्शनिहरुलाई पछाडि पार्दै मार्क्स तथा एन्गेल्सजस्ता महान दार्शनिकहरुले वास्तविक वैज्ञानिक विचारलाई अगाडि सार्नुभयो । तत्पश्चात् विश्वमा चलेका वर्गसंघर्षले एउटा नयाँ मोड लियो ।

कम्युनिष्ट घोषणा पत्र जारी भएको आज १६८ वर्ष भएको छ । क्रान्तिका निमित्त कतिपय विषयको अपुगता हुँदा हुँदै पनि मार्क्सवादको जगमा टेकेर फ्रान्सको पेरिस सहरका मजदुरहरुले पहिलोपटक व्यवस्थित तबरबाट विद्रोह गरेर पेरिस कम्युनको स्थापना भएको पनि आज १४५ वर्ष भएको छ । विश्वले हेर्न लायक सर्वहारावर्गको सत्ताको विरुद्ध सबै पुँजीवादी सत्ताले एकैपटक आक्रमण गऱ्यो र सर्वहारावर्गले हाऱ्यो । पेरिसमा सर्वहारावर्गले प्राप्त गरेको राज्यसत्ता हारमा बदलिएता पनि विश्वमा वर्गसंघर्ष यो वा त्यो रुपमा जारी नै थियो । यसै सन्दर्भमा वर्गसंघर्षका विविध खाले उत्तारचढावसहित लेनिनको नेतृत्वमा भएको रुसी सर्वहारावर्गले १९१७ मा क्रान्ति सम्पन्न गरेको पनि ९९ वर्ष भएको छ । चिनियाँ सर्वहारावर्गको वर्गसंघर्षले १९४९ मा सत्ता हातमा लिएको पनि ६७ वर्ष भएको छ । पेरिसका सर्वहारावर्गले पुँजीपतिवर्गका विरुद्ध प्रहार गरेको पहिलो धक्का, रुसी सर्वहारावर्गीय तथा चिनियाँ सर्वहारावर्गीय क्रान्तिसम्म आइपुग्दा विश्व सर्वहारावर्गले क्रान्तिको वैचारिक हतियारको रुपमा मार्क्सवाद-लेनिनवाद-माओवाद प्राप्त गरेको छ भने अनुभवका दृष्टिले फ्रान्स, रुस, चीनलगायत विश्वका एक दर्जनभन्दा बढी देशमा भएका सफल जनवादी तथा समाजवादी क्रान्तिहरु सर्वहारावर्गका अगाडि रहेका छन् ।

यतिबेला विश्वका सर्वहारावर्गका निमित्त मालेमावादको अजय वैचारिक हतियार र सफल क्रान्तिका उच्चतम अनुभव मात्र होइन, प्रतिक्रियावादी वर्गले मालेमावादका विरुद्ध गरेका संघर्ष, भ्रमका साथै कथित कम्युनिष्टको खोल ओढेका संशोधनवादले पैदा गरेको व्यापक भ्रम र समाजवादी क्रान्तिका हारहरुको अनुभव पनि छ । यी सबैखाले क्रान्ति र प्रतिक्रान्तिका बीचबाट पछिल्लो चरणमा पेरु, टर्की र भारतलगायतका देशहरुमा सर्वहारावर्गले आफ्नै अनुकूलतामा क्रान्तिहरु अगाडि बढ्दै गर्दा नेपालको सर्वहारावर्गीय आन्दोलन कम्युनिष्ट पार्टीको स्थापना भएको ४६ वर्षपछि ५२ साल फाल्गुन १ गते भीषण वर्गसंघर्षको उद्घोष हुन पुग्यो । दशवर्षको भीषण वर्गसंघर्षले प्रतिक्रियावादी वर्गको वर्गीय सत्तालाई एक प्रकारको चुनौती दिंदै जनमुक्ति सेनाको गठन, आधारइलाकाको निर्माण, स्थानीय जनसत्ताको गठन र परिचालनले अत्यन्तै महत्वपूर्ण भूमिका निर्वाह गऱ्यो । १५ हजारभन्दा बढीको सहादत, हजारौ घाइते, हजारौंको वेपत्ता, हजारौको जेल यातना जस्ता कीर्तिमानहरुको भूमिका मुख्य कडी हो । नेपाली क्रान्ति यहाँसम्म पुग्नुमा परिवर्तनका पक्षधर जनताको उत्साहपूर्वक सहयोग र समर्थनको पनि त्यत्तिकै महत्व थियो भन्ने कुरालाई पनि बिर्सनु हुँदैन । विडम्बना के रह्यो भने जसले मुख्य नेतृत्वमा रहेर दशवर्षको भीषण वर्गसंघर्षको नेतृत्व गऱ्यो, त्यही व्यक्तिले क्रान्तिले धरापमा पाऱ्यो र प्रतिक्रान्तिको नेतृत्व गऱ्यो । सायद विश्वमा यस प्रकारका घटना विरलै मात्र पाइन्छ । क्रान्तिकारीहरुलाई भ्रमित पार्न "शान्तिपूर्ण क्रान्ति"को नारा दिएर युद्धको उत्कर्षलाई स्थगन गरेको आज दश वर्ष पूरा भएको छ ।

दश वर्षको नेपाली जनयुद्ध वर्ग दुश्मनको दमनको कारण हारमा बदलिएको नभएर स्वयम् जनयुद्धको नेतृत्वकर्ताको दिमागमा पैदा भएको वैचारिक विचलन तथा वर्ग रुपान्तरणका कारण नेपाली क्रान्ति एक प्रकारले हारमा बदलियो । विश्वभरिका सर्वहारावर्गलाई उत्साही बनाउन सफल रहेको नेपाली सर्वहारावर्गको वर्गसंघर्षको हारले विश्वभरिका क्रान्तिकारीहरुलाई निराश तुल्यायो । स्वयम् नेपालभित्र भने यसले चौतर्फी विचलन पैदा गराउन खोज्यो । वैचारिक, राजनीतिक, सांगठनिक तथा वर्गसंघर्षमा देखापरेको विचलनका विरुद्ध पार्टीभित्रका क्रान्तिकारीहरुले चलाएको वैचारिक वहस एकातिर विश्वभरिका र नेपालका पनि सबै क्रान्तिकारीहरुमा एकप्रकारको उत्साह, विश्वास पलायो भने वर्ग दुश्मनमा आफू पूर्णरुपमा सफल हुन नसकेकोमा एक प्रकारको निराशा, मुख्य नेतृत्व विचलनको पराकाष्ठामा पुगेका कारण क्रान्तिकारीहरुले आफ्नो वर्गको रक्षाका खातिर विद्रोहको झण्डा उठाएर पार्टीलाई पुनर्गठन गर्दै अगाडि बढायो । सर्वहारावर्गको मुख्य कार्यभार थियो त्यो ।

तर आज विश्व साम्राज्यवाद, मुख्यतः भारतीय विस्तारवाद तथा घरेलु प्रतिक्रियावाद मात्र होइन, मार्क्सवादको खोल ओढेका घोर संशोधनवादी, नवसंशोधनवादी तथा क्रान्तिकारी आवरणमा देखा परेका संशोधनवादीहरुबाट सच्चा क्रान्तिकारीहरुमाथि आक्रमण गर्ने काम हुँदै आएको छ । नेपालको सर्वहारावर्गीय आन्दोलन सकेसम्म समाप्त बनाउने, त्यति गर्न नसके त्यसलाई कमजोर बनाउन चौतर्फी भ्रम सिर्जना गर्ने काममा सबै प्रकारका नामधारी कम्युनिष्टहरुबाट हुँदै आएको छ । सर्वहारावर्गको सिद्धान्त बोकेका कम्युनिष्टहरु मात्र होइन, पुँजीवादी वर्गको सिद्धान्त बोकेका बुर्जुवा वर्गको पनि आफ्नो दर्शन, राजनीति अर्थशास्त्र, फौजी लक्ष्य हुन्छ । तर आफूलाई कम्युनिष्ट भन्ने नेपालका दर्जनौं पार्टीहरु न त सर्वहारावर्गको कम्युनिष्ट दर्शनप्रति प्रतिबद्ध छन् न त ठोस परिस्थितिको ठोस विश्लेषणसहित क्रान्तिप्रति प्रतिबद्ध नै छन् । तर कसैले क्रान्तिका कुरा गरेर जनतालाई ढाँटिरहेका छन् । कसैले दुश्मनका अगाडि घुँडा टेकेर केवल कम्युनिष्टको लोगो देखाएर जनतालाई ढाँटिरहेका छन् ।

कयौं वर्षदेखि सत्तामा बसेर बहुसंख्यक जनताका हक अधिकारलाई खोसेर सबै प्रकारका हक अधिकारको एकाधिकार उपयोग गरेर बसेको साम्राज्यवाद, पुँजीवाद वा सामन्तवादले जहिले पनि क्रान्तिकारी सिद्धान्त तथा राजनीतिक विचारलाई कमजोर बनाउन पार्टीभित्र रहेका अवसरवादीहरुलाई जानिदो वा नजानिदो ढंगबाट उपयोग गर्दै आएको कुरा विश्वको सर्वहारावर्गीय आन्दोलनमा सुनेको, पढेको त थियौं तर आज नेपालको सर्वहारावर्गीय आन्दोलनमा हामी आफैले देख्यौं र भोग्दैछौं । प्रतिक्रियावादी वर्ग दुश्मनसँग लड्न जति सजिलो छ, त्यो भन्दा बढी अप्ठ्यारो संशोधनवादीहरुसँग पर्दोरहेछ । अन्य संशोधनवादीहरुसँग लड्न जति सजिलो छ, त्योभन्दा बढी क्रान्तिका कुरा गर्ने विचारविहीनहरुसँग अप्ठ्यारो हुँदो रहेछ । सायद मानिसहरुको स्वभाव, शैली र सामाजिक परिवेशको विरासतको लामो प्रभावले पनि होला- गलत कुरा र भ्रमित विचारबाट जति छिटो प्रभावित हुन्छ, त्यति छिटो सत्य कुराले प्रभावित बनाउन सक्दैन । किन ? यो विचारणीय प्रश्न छ ।

नेपालमा मात्र होइन, विश्वस्तरमा नै सर्वहारा उत्पीडित वर्गको संख्या निकै ठूलो छ । एउटा सानो हिस्सामा रहेको उत्पीडकको हातमा राज्यसत्ता छ । नेपालको सन्दर्भमा भन्नुपर्दा नेपाली जनता परिवर्तन चाहन्छन् । त्यसमा पनि आमूल परिवर्तन । जतिवेला आन्दोलन वा क्रान्ति उत्कर्षमा पुग्छन्, त्यतिबेला कम्युनिष्टको खोल ओढेका संसदीय पार्टी होउन् या प्रतिक्रियावादी वर्गको सेवा गर्ने पार्टी होउन सबै एक ठाउँमा पुग्छन् र आन्दोलन वा क्रान्तिलाई धोका दिन्छन् । जसले गर्दा इमान्दार जनतामा केही पर्न जान्छ भने अर्कोतिर प्रतिक्रियावादी वर्गका पार्टीहरु, कम्युनिष्ट खोल ओढेका पार्टीहरुले विभिन्न प्रकारका आश्वासन बाँड्ने र ढाँट्ने कार्यले एकथरी जनता अलमलमा परेका छन् । साम्राज्यवादी, विस्तारवादीहरुले उत्पीडनमा परेका जनता वा राष्ट्रलाई दमन, उत्पीडन र शोषण गरिराख्नका निमित्त ठूलो धनराशी खर्च गरेर एकातिर एनजिओ, आइएनजिओमार्फत् पढेलेखेका कथित् बुद्धिजीवीहरुलाई दलाल बनाएको छ । अर्कोतिर धर्मको नाममा उत्पीडनमा परेका जनतालाई व्यापक भ्रमित पारिरहेको छ ।

त्योभन्दा पनि अन्य बढी भ्रम सञ्चारमाध्यममा लगानी गरेर गरिरहेका छन् । समग्रमा भन्नुपर्दा राप्रपादेखि कांग्रेससम्मको प्रतिक्रियावादी खेमाका पार्टी नेताहरु मात्र होइन, आफूलाई कम्युनिष्ट भन्नेहरु माओवादी केन्द्रदेखि विप्लव माओवादीसम्मका नेताहरु भ्रम पार्ने, क्रान्तिलाई कमजोर पार्ने कार्यमा लागिरहेकै छन् । जसले गर्दा नेपालको सर्वहारावर्गीय आन्दोलन कमजोरजस्तो देखिन पुगेको छ ।

नेपाली सर्वहारावर्गको आन्दोलन कमजोर देखिएता पनि नेपाल कम्युनिष्ट पार्टी (क्रान्तिकारी माओवादी)को सही वैज्ञानिक र स्पष्ट विचारका आधारमा नेपाली जनताले आशा र भरोसा नगरेका होइनन्, किनकि, क्रान्तिकारी माओवादीले गरेको वर्ग विश्लेषण, सामाजिक परिवेशको विश्लेषण, क्रान्तिको राजनीतिक तथा फौजी कार्यदिशा वस्तुसंगत रहँदै आएको छ ।

त्यसलाई कार्यान्वयन गर्ने इमान्दार नेताहरुको टिम प्राप्ति साँच्चै नै जनताले आशा र भरोसा गरेका पनि छन् । किनकि, पार्टी नेतृत्व वैचारिक हिसाबले परिपक्व, अनुभवी, वर्गदुश्मनप्रति आक्रामक र सर्वहारावर्गको मुक्ति, समानता प्राप्तिका लागि समर्पित क्रान्तिकारी माओवादीसँग छ । त्यसैले यो वैज्ञानिक विचारलाई अझै समृद्ध बनाउन र नेपाली क्रान्तिलाई पूरा गर्न समर्पित भएर लागौं । यही नै आजको आवश्यकता हो ।



# भारतले पनि सार्वजनिक बिदा र सुरक्षाकर्मीलाई रिकी गर्न दिन्छ त ?

**रामसिंह श्रीस**
कार्यालय सदस्य, नेकपा (क्रान्तिकारी माओवादी)

**नेपालको पछिल्लो राजनीतिक घटनाक्रमलाई क्रान्तिकारी माओवादीले कसरी हेरिरहेको छ ?**

गत असारमा सम्पन्न हाम्रो पार्टीको राष्ट्रिय भेलाले राष्ट्रियता, जनतन्त्र र जनजीविकाका समस्याहरु झनै विकराल बन्दै गएका छन् भन्ने जुन निष्कर्ष निकालेको थियो, पछिल्लो राजनीतिक घटनाक्रमले त्यसलाई थप पुष्टि गर्दै गएको छ । नेपालका प्रधानमन्त्री पुष्पकमल दाहाल र भारतीय प्रधानमन्त्री नरेन्द्र मोदीबीच भएको २५ बुँदे संयुक्त वक्तव्य, लोकमानसिंह प्रकरण, आकाशिदो महंगी र बेरोजगारीले हाम्रो पार्टीको निष्कर्षलाई पुष्टि गरेको छ। पदमा जान र पाएको पद टिकाइराख्न विदेशी प्रतिक्रियावादी शक्तिको दलालीलाई तीव्रता दिएको छ । समग्रमा, क्षणिक रुपमा भएपनि प्रतिगामी र यथास्थितिवादीहरु सक्रिय भएको स्थिति हो अहिलेको । यो राम्रो पक्ष होइन । यस प्रकारको स्थितिलाई समाप्त गर्न क्रान्तिकारी शक्तिहरुले पनि आफ्नो प्रयत्न जारी राखिरहेका छन् ।

**भारतीय राष्ट्रपतिको भ्रमणमा सार्वजनिक विदा दिने र सडकमा अघोषित कर्म्फ्यू लगाउने काम गरेको भन्दै सरकारको सार्वजनिक रूपमा व्यापक आलोचना भइरहँदा क्रान्तिकारी माओवादीको कुनै भनाइ सार्वजनिक भएन भन्ने पनि जनगुनासो देखियो नि ?**

भारतीय राष्ट्रपतिको नेपाल भ्रमणमा सार्वजनिक विदा दिने सरकारको निर्णयको चौतर्फी विरोध भएको छ । यो विरोधलाई हाम्रो पार्टीले समर्थन गर्दछ । भारत र चीनको राष्ट्रपति आउँदा सार्वजनिक विदा दिने निर्णय गरेर सरकारले चीनको राष्ट्रपति पनि छिट्टै नेपाल भ्रमणमा आउँदैछन् भन्ने भ्रम सिर्जना गर्न प्रयत्न गरेको छ। नेपाल सरकारको कमजोरीका कारणले चीनको राष्ट्रपतिको नेपाल भ्रमण रद्द भएको हो ।

यो वास्तवमा नेपाल सरकारको भारतीय विस्तारवादी शासकको नाङ्गो दलाली मात्र हो । ठीक त्यस्तै सुरक्षाको नाममा सडकमा अघोषित कर्फ्यू लगाउने कुराले पनि नेपाल सरकारको क्षमता कति कमजोर रहेछ भन्ने कुरालाई बताउँछ । त्यतिमात्र होइन, भारतीय सुरक्षाकर्मीहरुले नेपाल आएर भारतीय राष्ट्रपति जाने ठाउँहरु काठमाडौं, जनकपुर र पोखराको रेकी गरेका थिए। नेपालको राष्ट्रपति भारत भ्रमण जाने तयारी हुँदैछ । के नेपालको सुरक्षाकर्मीहरु भारतको विभिन्न ठाउँमा गएर रिकी गर्न सक्छन् ? के नेपालको राष्ट्रपति भारत भ्रमणमा जाँदा त्यहाँ राष्ट्रिय रुपमा सार्वजनिक विदा दिइन्छ ? यस्तो कुनै पनि हालतमा हुने छैन। यो त नेपाल सरकारको भारतीय विस्तारवादी शासकहरुको दलाली मात्र हो ।

**भारतीय राष्ट्रपतिको भ्रमणसँगै कांग्रेस सभापति देउवाले गर्न लागेको दिल्ली भ्रमण, अनिर्णित लोकमान प्रकरण, संविधान संशोधनको सकस, धार्किक अतिवादीहरूको दौडधूप सबैले मुलुकलाई कुन दिशा दिने देख्नुहुन्छ ?**

तपाईंले राख्नुभएको यी विषयहरुले मुलुकको राजनीतिलाई प्रतिगामी दिशातिर धकेल्ने प्रयत्न भइरहेको छ भन्ने कुरा प्रष्ट हुन्छ। लोकमान जस्तो भ्रष्ट र जनविरोधी व्यक्तिमाथि लगाइएको महाभियोगको प्रस्तावलाई असफल बनाउन भारतीय दूतावास लागि परेको छ । संविधानलाई आफ्नो अनुकूल संशोधन गराउन भारतले प्रयत्न गरिरहेको छ। धर्मनिरपेक्षतालाई हटाएर नेपाललाई हिन्दू राज्य बनाउन मोदी सरकारले हरसम्भव प्रयत्न गरिरहेको छ । ओली सरकार गिराएर प्रचण्डको नेतृत्वमा जुन सरकार बन्यो, त्यो पनि भारतीय शासकहरुकै डिजाइनमा बनेको हो । यस पृष्ठभूमिमा कांग्रेस सभापति शेरवहादुर देउवाको भारत भ्रमण भारतीय विस्तारवादी शासकहरुको आशिर्वाद लिन नै हो । अझ अर्को गम्भीर कुरा के छ भने नेपालका पूर्व प्रधानमन्त्रीसमेत रहेका देउवाले फ्रि तिब्बत अभियानका नेताहरुसँगै गोवाको एक कार्यक्रममा सम्बोधन गरेका छन् । यसले भारतले नेपाललाई 'एक चीन नीति'बाट पछि हट्न दवाब दिन थालेको त होइन भन्ने प्रश्न उठेको छ। भावी प्रधानमन्त्रीको लाइनमा रहेका व्यक्ति चीनविरोधी गतिविधि गरिरहेका तिब्बती नेताहरुसँगै देखिनु नेपालका लागि एकदमै घातक कुरा हो। आज देशमा जुन घटनाक्रमहरु भइरहेका छन्, यसले नेपालको राष्ट्रियता, जनतन्त्र र जनजीविकाको सवाल अत्यन्तै गम्भीर बन्दैछ भन्ने संकेत गर्दछ ।

**२५ बुँदे राष्ट्रघाती संयुक्त वक्तव्यविरूद्ध राष्ट्रिय स्वाधीनताको संयुक्त आन्दोलनको तयारी कसरी अगाडि बढिरहेको छ ?**

२५ बुँदे राष्ट्रघाती संयुक्त विज्ञप्तीका विरुद्धमा काठमाडौंमा संयुक्त विरोध प्रदर्शन भइसकेको छ। तिहार छठ जस्तो पर्व परेका हुनाले अहिले ठोस कार्यक्रम बनेको छैन । यो पर्वपछि अरु देशव्यापी रुपमा विरोधका कार्यक्रमहरु बनाउने समझदारी अगाडि नै बनेको छ। अब आन्दोलनका कार्यक्रमहरु बन्नेछन् ।

**५.राष्ट्रिय स्वाधीनताको आन्दोलनमा आठ वामघटकका अतिरिक्त अरू राष्ट्रवादी शक्तिहरूसँग सहकार्य गर्ने सम्भावना कस्तो देख्नुहुन्छ ?**

कात्तिक ९ गते आठ वामहरुको काठमाडौंमा एउटा संयुक्त विरोध कार्यक्रम भयो । यो २५ बुँदे राष्ट्रघाती संयुक्त वक्तव्यको विरुद्धमा आउने अन्य राजनीतिक शक्तिहरुलाई पनि सामेल गराउँदै जाने भन्ने समझदारी भएको छ । २५ बुँदेको विरोध गर्ने अन्य शक्तिहरु पनि भएका हुनाले आठ बाम घटकबाहेक अन्य शक्तिहरुसँग पनि सहकार्य हुन सक्ने प्रवल सम्भावना छ ।

**बाह्रय राष्ट्रियता र आन्तरिक राष्ट्रियताको अन्तरसम्बन्धलाई क्रान्तिकारी माओवादीले कसरी व्याख्या गर्दै आएको छ ?**

राष्ट्रियतालाई बाह्य र आन्तरिक भनेर कसरी व्याख्या गर्ने ? यो जटिल प्रश्न हो । विदेशी साम्राज्यवाद, विस्तारवादसँगको नेपाली जनताको अन्तरविरोधलाई वाह्य र नेपाल बहुजाती, बहुभाषिक र बहु धार्मिक देश भएको हुनाले जातजाति, भाषाभाषी र धार्मिक अन्तरविरोधलाई आन्तरिक राष्ट्रियता भन्न खोज्नुभएको होला । नेपाली जनता विभिन्न जातजाति, भाषाभाषी र विभिन्न धर्महरुमा विभक्त भएका छन् । त्यतिमात्र होइन नेपालका जनता वर्गमा पनि विभाजित छन् । दलाल नोकरशाही पुँजीपति र सामन्तवर्गले शासनसत्ता चलाइरहेका छन् । मजदुर किसान लगायत आम नेपाली जनता तिनै शोषकवर्गको शोषणमा परिरहेका छन् । यहाँ जातीय उत्पीडन, भाषिक उत्पीडन र धार्मिक उत्पीडन पनि छ ।

यी सबै प्रकारका वर्गीय, जातीय, भाषिक र धार्मिक उत्पीडनलाई कायम राख्न, अग्रगामी दिशामा जान नदिन र अझै सकेसम्म प्रतिगामी दिशामा लैजान विद्यमान दलाल, नोकरशाह, पुँजीपति र सामन्तवर्गको राज्यसत्ता लागिपरेको छ । त्यसकारण यी सबै प्रकारको शोषण-उत्पीडनबाट मुक्ति हुनका लागि विद्यमान राज्यसत्तालाई फाल्नु र सर्वहारावर्गको नेतृत्वमा आम शोषित पीडित जनताको राज्यसत्ता कायम गर्नु आजको राष्ट्रिय कार्यभार हो । यसैले यी समग्र उत्पीडनबाट मुक्ति हुने प्रश्न मुख्यतः वर्गीय मुक्तिसँग जोडिएको छ । त्यसकारण, जातीय, भाषिक र धार्मिक उत्पीडनबाट मुक्तिको लागि हुने संघर्षलाई वर्गीय मुक्तिको लागि हुने संघर्षसँग जोडेर लैजानु पर्छ ।

**जनजीविकाका समस्याहरू अहिले निकै विकराल बन्दै गएका छन्, यी विषयमा क्रान्तिकारी माओवादीको स्वर सानो भयो भन्ने गुनासो सुनिने गरेको छ नि ?**

**संसदीय व्यवस्था प्रतिक्रियावादी व्यवस्था हो, शोषक वर्गको मात्र हित गर्ने व्यवस्था हो । यो खसीको टाउको देखाएर कुकुरको मासु बेच्ने व्यवस्था हो । त्यसकारण शोषित पीडित जनताको मुक्तिको लागि अहिलेको संसदीय व्यवस्था ध्वस्त पार्नुपर्छ । त्यसको ठाउँमा नयाँ जनवादी व्यवस्था ल्याउनु पर्छ । नेकपा (क्रान्तिकारी माओवाद)को मुख्य उद्देश्य यो संसदीय व्यवस्थालाई ध्वस्त पारी नयाँ जनवादी व्यवस्था स्थापना गरेर सामाजवाद हुँदै साम्यवादमा पुग्ने हो ।**



यो विषयमा क्रान्तिकारी माओवादीको स्वर सानो भएको पटक्कै होइन । दृष्टिकोणको कुरा गर्ने हो भने हाम्रो पार्टीको दस्तावेज, विभिन्न बैठकका निर्णयहरु, वक्तव्यहरु र आफ्ना प्रकाशनहरुमा यो जनजीविकाको विषयमा पार्टी बोलिरहेकै छ । जहाँसम्म यो विषयलाई लिएर संघर्ष गर्ने कुरा छ, पार्टी आन्तरिक सांगठानिक कार्यमा बढी व्यस्त भएका कारणले ठोस र मूर्तरुपमा निरन्तर कार्यक्रम दिन सकिएको छैन । फरक यति मात्रै हो । संगठन र संघर्ष सँगसँगै जाने कुराहरु हुन् । यी दुईवटा विषयहरु सँगसँगै जाँदाजाँदै पनि कहिले संगठन पक्ष, कहिले संघर्षको पक्ष मुख्य भएर आउँछ । अहिलेसम्म संगठनको पक्ष मुख्य भएर आएको थियो, अब संघर्षको पक्ष मुख्य भएर आउनेछ ।

**राष्ट्रिय राजनीतिको मूल धारमा क्रान्तिकारी माओवादी आउन सकेन भन्नेहरूलाई के भन्नुहुन्छ ?**

राष्ट्रिय राजनीतिको मूलधारमा आउने भनेको संसदीय धारमा जाने भनेको हो । यो संसदीय व्यवस्था प्रतिक्रियावादी व्यवस्था हो, शोषक वर्गको हित गर्ने व्यवस्था हो। यो खसीको टाउको देखाएर कुकुरको मासु बेच्ने व्यवस्था हो । त्यसकारण शोषित पीडित जनताको मुक्तिको लागि यो व्यवस्थालाई ध्वस्त पार्नुपर्छ र त्यसको ठाउँमा नयाँ जनवादी व्यवस्था ल्याउनु पर्छ । नेकपा (क्रान्तिकारी माओवाद)को मुख्य उद्देश्य यो संसदीय व्यवस्थालाई ध्वस्त पारी नयाँ जनवादी व्यवस्था स्थापना गरेर सामाजवाद हुँदै साम्यवादमा पुग्ने हो । त्यसकारण नेकपा (क्रान्तिकारी माओवादी)ले त्यस्तो शोषकवर्गको हित गर्ने राष्ट्रिय राजनीतिको मूलधारमा अरुले लैजान प्रयत्न गरेपनि जानेछैन । आफ्नै क्रान्तिकारी धारको निर्माण गर्छ र शोषित उत्पीडित वर्गको मुक्तिको लागि हुने संघर्षमा अग्र पंक्तिमा उभिन्छ ।

**मुलुकमा विद्यमान वर्गीय, जातीय, क्षेत्रीय र लैङ्गिक अन्तरविरोधहरूको एकीकृत समाधनबारे क्रान्तिकारी माओवादीको रोडम्यापबारे संक्षिप्तमा प्रकाश पारिदिनुस् न ।**

मैले यो प्रश्नको जवाफ मूलतः अगाडिको प्रश्नमा नै दिइसकेको छु । आदिम साम्यवाददेखि यताको मानव जातिको इतिहास भनेको वर्गसंघर्षको इतिहास हो। वर्ग देखा परेपछि वर्गसंघर्ष पनि देखापर्‍यो । एउटा वर्गले अर्को वर्गलाई दमन गर्न राज्यसत्ताको उत्पत्ति भयो । दास युगमा राज्यसत्ता दासमालिकहरुको हातमा थियो । सामन्ती युगमा राज्यसत्ता सामन्तहरुको हातमा थियो । पुँजीवादी समाजमा राज्यसत्ता पुँजीपतिहरुको हातमा गयो । अर्धसामन्ती र अर्ध/नव औपनिवेशिक अवस्था भएको हाम्रो देशमा राज्यसत्ता दलाल, नोकरशाह, पुँजीपति र सामन्तवर्गको हातमा छ। वर्गीय, जातीय, क्षेत्रीय र लैङ्गिक अन्तरविरोधहरु मूलतः राज्यसत्तासँग जोडिएको हुन्छ । त्यसकारण यी अन्तरविरोधको एकीकृत समाधान भनेको समाजमा सबभन्दा शोषित सर्वहारावर्गको नेतृत्वमा आम श्रमिक जनताको राज्यसत्ता स्थापना गरेर मात्र हुन्छ। यो काम शान्तिपूर्ण तरिकाबाट र चुनावमा बहुमत ल्याएर हुँदैन। यो क्रान्तिबाट मात्र सम्भव हुन्छ। त्यसकारण यी समस्या समाधानको लागि मूल कार्य भनेको क्रान्ति हो । जसको माध्यमबाट राज्यसत्ता शोषित-उत्पीडित वर्गको हातमा आउँछ। हाम्रो रोडम्याप भनेको यही हो ।

**आफ्ना घोषित लक्ष्य हासिल गर्न क्रान्तिकारी माओवादी कसरी अगाडि बढिरहेको छ ?**

आफ्नो घोषित लक्ष्य हासिल गर्न सबभन्दा पहिले सही नीति र कार्यक्रम हुनु पर्छ। हामीले आफ्नो नीति कार्यक्रम मूल रुपमा तय गरिसकेका छौं । त्यसपछिको कुरा हो- संगठन, संघर्ष र जनसम्पर्क। विचारधारात्मक एकतालाई संगठित रुप नदिइकन भौतिक शक्ति तयार हुँदैन । त्यसकारण क्रान्तिकारी विचारधाराको आधारमा संगठनलाई अगाडि बढाउनु पर्छ र विचार संगठनको आधारमा शोषित-उत्पीडित वर्गको मुक्तिको लागि संघर्ष गर्नु पर्छ । संघर्ष त्यतिबेला मात्र सफल हुन्छ, जब जनताको ठूलो हिस्साले संघर्षमा भाग लिन्छ। त्यसकारण पार्टीले जनाधार निर्माण गर्नु सबैभन्दा महत्वपूर्ण कुरा हुन जान्छ। यी नै कुराहरुलाई ध्यान दिएर पार्टी आफ्नो लक्ष्य प्राप्तिको लागि अगाडि बढिरहेको छ ।

**अन्तमा, प्रकाश पार्नुपर्ने थप केही विषयवस्तु छन् भने राखिदिनुस् न ।**

जनताको राजनीतिक चेतनालाई माथि नउठाइकन जनताका हक अधिकार र राष्ट्रिय स्वाधीनताको रक्षा हुन सक्दैन । जनचेतना उठाउने कुरामा मिडियाको महत्वपूर्ण भूमिका हुन्छ । त्यसकारण जनपक्षधर मिडिया र मिडियामा काम गर्ने श्रमजीवि पत्रकारहरुले जनचेतना जगाउने काममा अहं भूमिका खेल्नु पर्दछ। यो काम मिडियाबाट पनि निरन्तर रुपमा होस् भन्ने आशा र विश्वास राख्दछु ।

# नव-औपनिवेशिक उत्पीडन र राष्ट्रिय स्वाधीनताको प्रश्न



इन्द्रमोहन सिग्देल

इतिहासमा नेपाल कहिल्यै पनि साम्राज्यवादी मुलुकको प्रत्यक्ष उपनिवेश बन्नु परेन । यो देशभक्त नेपालीहरुका लागि गौरवको विषय हो । भारतलाई आफ्नो उपनिवेश बनाएर बसेका तात्कालिन बेलायती शासकहरुले नेपालमा पटक-पटक प्रत्यक्ष शैन्य आक्रमण पनि गरे । तर, बहादुर देशभक्त नेपाली जनताको सशक्त प्रतिरोधका कारण बेलायती सेना युद्ध मोर्चामा कहिल्यै सफल हुन सकेन । नालापानी, सिन्धुलीगढी लगायतका मोर्चाहरुमा नेपाली योद्धाहरुले लडेका वीरतापूर्ण लडाइहरु इतिहासमा सुनौला अक्षरमा अंकित भएका छन् । तर विडम्बना, नेपालका शासकहरु साम्राज्यवादी तथा भारतीय विस्तारवादीहरुको राजनीतिक एवं कुटनीतिक हस्तक्षेपका सामू कहिल्यै पनि राष्ट्रको पक्षमा दरोगरी खुट्टाटेक्न सकेनन् । तिनको दलालीका कारण देशले एकपछि अर्कोगरी राष्ट्रिय स्वाधीनता गुमाउँदै गयो । आजसम्म आईपुग्दा नेपाल नव-औपनिवेशिक अवस्थामा पुगेको छ । यस को पछिल्लो कडी नेपाल र भारतका प्रधानमन्त्रीहरु बीच गत सेप्टेम्बर १, २०१६मा भएको २५-बुँदे संयुक्त वक्तव्य हो । नेपालको पराधीनताको प्रक्रिया कहाँबाट सुरु भयो, यसका परिणामहरु के के भए र देशलाई यस स्थितिबाट मुक्तगर्ने बाटो के हो भन्ने विषयमा यो लेख केन्द्रित रहने छ ।

आजभन्दा २०० वर्ष अगाडिसम्म नेपाल एउटा स्वाधीन, आत्मनिर्भर र आफ्नो सापेक्षतामा समृद्ध राष्ट्र थियो । त्यतिबेला कुल गार्हस्थ उत्पादन युरोपको हाराहारीमा थियो । भारतमा उपनिवेश खडागरेका बेलायती साम्राज्यवादीहरुले सन् १८१४मा नेपालमाथि सैन्य आक्रमण गरे । तर, उनीहरु नेपालीको वीरतापूर्ण लडाईंका सामू टिक्न सकेनन्, युद्धमा नराम्ररी पराजित भए । पृथ्वी नारायण शाहको मृत्युपछि ईष्ट ईण्डिया कम्पनी र नेपालका बीच सन् १८१६मा सुगौली सन्धि भयो । यही सन्धिबाट नेपालले आफ्नो दुई-तिहाई भूभाग मात्र होइन, राष्ट्रिय स्वाधीनता समेत गुमाउन पुग्यो । उक्त सन्धिको बुँदा नं ६ मा भनिएको छ, “नेपालले सिक्किमको भूमिमाथि कहिल्यै दखल गर्ने छैन र सिक्किम र नेपालका बीच कुनै झमेला पैदा भए त्यसको मध्यस्थता ईष्ट ईण्डिया कम्पनीले गर्ने छ ।” त्यस्तै बुँदा ७ मा भनिएको छ, “नेपालका राजाले बृटिश सरकारको अनुमतिविना कुनै पनि बेलायती वा युरोपियन वा अमेरिकी नागरिकलाई सरकारी कामकाजमा लगाउन पाउने छैन” । यसरी यो सन्धिपछि नेपालको स्वतन्त्र अधिकार गुम्न गयो । इतिहासमा कसैको अधिनमा नपरेको नेपाल सुगौली सन्धिपछि पराधीन बन्न गयो । नेपालीको वीरताको “कदर” स्वरुप नेपाली युवाले बेलायती सेनामा “सेवा”गर्न पाउने भए । भाडाका सिपाही जन्माउने देशका रुपमा कलंकित नेपाल अहिलेसम्म पनि यसबाट मुक्त भएको छैन ।

सैन्य आक्रमणबाट कब्जामा लिन नसके पनि नेपाललाई आफ्नो नियन्त्रणमा राख्ने साम्राज्यवादी महत्वाकाँक्षाबाट बृटिस-भारत कहिल्यै पछाडि हटेन । यसै क्रममा सन् १८२३ मा ईष्ट इण्डिया कम्पनी र नेपाल सरकारका बीच व्यापार सन्धि भयो । यो नेपालको हितमा छैन । उक्त सन्धिको बुँदा नं ६ मा लेखिएको छ, “बृटिश-भारतीय बन्दरगाहहरुमा नेपाल सरकारले आयात गर्ने सामानहरुमाथि कुनै भंसार महसुल लगाइने छैन .... ।” रुपमा तत्काल बाहिरबाट आयातित सामान सस्तोमा उपलब्ध हुने त भयो तर सारमा यो सन्धिले नेपालको राष्ट्रिय उद्योग र पुँजीको जगलाई चौपट पारिदियो र व्यापार घाटा बढ्न थाल्यो । यो सन्धिपछि सामन्तवादको आधारमा दलाल तथा नोकरशाही पुँजीको विकास र विस्तार गर्ने उपरीसंरचना खडा भयो । सुगौली सन्धिपछिको करीव ५ बर्षको छोटो अवधिमा नेपाल विधिवत रुपमा ईष्ट ईण्डिया कम्पनीको अर्ध-उपनिवेशका रुपमा एउटा पराधीन मुलुक बन्न गयो ।

यसपछिका शासकहरु कसैले यी सन्धिलाई सच्याउने कुरा सम्म उठाएनन्, बरु राष्ट्रघाती सन्धिहरु थपिंदै गएका छन् । सत्तामा पुग्नका लागि साम्राज्यवादको दलाली शासकहरुको दैनिकी बनेको छ । बृटिस-ईण्डियाको दलाली स्वरुप सन् १९५७को सिपाही विद्रोह दबाउन जङ्गबहादुरले भारतमा नेपाली फौज पठाए । यो “सहयोग” गरेबापत ईष्ट ईण्डिया कम्पनीले अहिले नयाँ मुलुक भनेर चिनिने बांके, बर्दीया, कैलाली र कंचनपुर जङ्गबहादुरलाई पुरस्कार स्वरुप फिर्ता गरेको थियो । उनको दलालीको कार्ल मार्क्सले पनि चर्चा गरेका छन् । उनले नेपालका तात्कालीन प्रधानमन्त्री जङ्गबहादुरलाई बेलायती कुकुर भनेका छन् । यो प्रसंगले उसको दलालीको स्तर आंकलन गर्न सकिन्छ ।

भारतको स्वतन्त्रता संग्रामको “सफलता” पछि नेहरु प्रधानमन्त्री बने । त्यसको लगत्तै “स्वतन्त्र” भारत र तात्कालिन राणा सरकार बीच जुलाई ३१, १९५० का दिन “शान्ति तथा मैत्री सन्धि” भयो र त्यसपछि थुप्रै चिठीहरु आदानप्रदान गरिए । यो सन्धि र त्यसपछिका चिठीहरुले बचेखुचेको नेपालको राष्ट्रिय स्वाधीनतालाई भारतको जिम्मा लगाएको छ । त्यो सन्धि र चिठीका सबै धाराहरुको व्याख्या यहाँ संभव छैन । तीमध्ये केही उल्लेख गर्नु जरुरी छ । उक्त सन्धिको बुँदा ७ मा भनिएको छ, “भारत र नेपालका सरकारहरु आवास, सम्पत्तिमाथिको स्वामित्व, वाणिज्य तथा व्यापारमा सहभागिता, आवतजावतको सुविधा र यस्तै प्रकृतिका अन्य सुविधाहरुमा एउटा देशका नागरिकलाई अर्को देशको भूमिमा पारस्पारिक आधारमा समान सुविधा प्रदान गर्न मंजुर गर्दछन् ।” एउटा प्रश्नः १ अरब ३० करोड जनसंख्या भएको देश भारतबाट २ प्रतिशतभन्दा केही बढी जनताले मात्र नेपालमा बसाईं सरे भने नेपालको स्वतन्त्र अस्तित्व बाँकी रहला ? त्यस्तै चिठीमा भनिएको छ, “नेपाल सरकारले नेपालको सुरक्षाका निमित्त आवश्यक पर्ने हतियारहरु, गोलाबारुद वा युद्धसामाग्रीहरु र उपकरणहरु भारत सरकारको सहयोग र सहमतिमा भारतीय भूमिबाट आयात गर्न सक्नेछ ।” अर्को प्रश्न, भारतले सहमति नदिए नेपालले हतियार नकिन्ने ? सन्धि मौन छ । यसले सारतः नेपालको सुरक्षा भारतको जिम्मा लगाएको छ । त्यस्तै चिठीको अर्को बुँदामा लेखिएको छ, “नेपालमा प्राकृतिक स्रोत वा औद्योगिक परियोजनाको विकासका निमित्त वाह्य सहयोग लिन आवश्यक परेको खण्डमा नेपाल सरकारले भारत सरकार वा भारतीय नागरिकलाई पहिलो प्राथमिकता दिनेछ ।” यी तीनवटा उद्धरणले मात्र पनि नेपालको पराधीनताको मात्रालाई व्यक्त गर्दछ ।

नेपाल एउटा भू-परिवेष्ठित मुलुक हो । यसले समुद्रसम्म निर्वाध जान बाटो पाउने अधिकार राख्दछ । तर, भारतले न नेपालको अधिकार अनुसारको बाटो दिएको छ, न नेपालका शासकहरुले यसलाई अन्तर ाष्ट्रिय जगतमा प्रश्न उठाउने साहस गरेका छन् । पारवहनको विषयलाई व्यापारसँग जोडेर ५/५ वर्षमा यी सन्धिहरुको नवीकरण गर्ने गरिन्छ । भारतले सँधैं पारवहन सन्धिको लाठो देखाएर व्यापार सन्धि आफ्नो अनुकूल बनाउने गर्दै आएको छ । परिणामतः नेपालको व्यापार घाटा आकासिएको छ । त्यतिमात्र होइन, भारतले सन् १९८९ मा मौजुदा व्यापार तथा पारवहन सन्धि खारेज गरेर नेपालमाथि १३ महिनासम्म नाकाबन्दी लगाएको थियो । यो क्रम रोकिएको छैन । दलाल शासकहरु देशको यो अत्यन्त चिन्ताजनक स्थितिप्रति पटक्कै संबेदनशील छैनन् । यस साल नेपालको कुल व्यापार घाटा निर्यातको ९ गुना पुग्ने अनुमान रहेको छ । यो कहालीलाग्दो स्थिति हो । यसले देशलाई असफल राष्ट्र बन्ने दिशातिर डोऱ्याईरहेको छ ।

नेपाल जलस्रोतका हिसाबले ब्राजिलपछि संसारको दोस्रो धनी राष्ट्र हो । यही देशले दिनको १८ घण्टासम्म लोडसेडिङ्ग बेहोर्नु परेको छ । नेपालका प्रमुख नदीहरु भारतीय विस्तारवादको कव्जामा छन् । बाँकी नदीहरु भारतीय दलाल जल माफियाको हातमा परेका छन् । कोशी, गण्डकी, महाकालीमा वर्षौंदेखि भारतीय विस्तारवादको हालीमुहाली चलेकै छ । उपल्लो कर्णाली, अरुण-३ जस्ता परियोजनाहरु भारतलाई सुम्पिने प्रक्रिया जारी छ । दिनको १८ घण्टा लोडसेडिङ्ग बेहोर्ने देशले भारतलाई विद्युत बेच्न विद्युत व्यापार सम्झौता (एत्व) गरेको छ । पञ्चेश्वर र कोशीमा बनाईने उच्च बाँधहरुले नेपालका लाखौ परिवारलाई विस्थापित गर्ने र लाखौ हेक्टर खेतीयोग्य जमीन डुवानमा पर्ने कुरामा नेपालका शासकहरुलाई कुनै चासो र चिन्ता छैन । भारतले नेपालका नदीहरुलाई कव्जामा लिने र भारतमा पुगेपछि तिनलाई जोडेर सुख्खा क्षेत्रमा सिँचाई पुऱ्याउने बृहत योजना अगाडि सारेको छ । नेपालका शासकहरु भने सत्तामा पुग्न र टिक्नका लागि नेपालको बचेको जलस्रोत पनि भारतलाई सुम्पन तँछाड-मँछाड गर्दैछन् । संसारको दोस्रो ठूलो जलसम्पदा यसरी भारतको कव्जामा गैराखेको छ र आउने दिनमा देशको अपार जलस्रोत नेपाली स्वाभिमानी जनताका लागि आकाशको फलमात्र हुँदैछ । विडम्वना, जलस्रोतमा विश्वको दोस्रो ठूलो देश वस्तुतः मरुभूमी सरह बन्दैछ । खनिज तथा प्राकृतिक जडीबुटी बारे पनि स्थिति यो भन्दा भिन्न छैन ।

उद्योग र व्यवसायको स्थिति पनि अत्यन्त डरलाग्दो अवस्थामा छ । एकातिर पञ्चायती कालमा मित्रराष्ट्रहरुले स्थापना गरिदिएका राष्ट्रिय उद्योगहरु नवउदारवादी नीति अनुसार भूमण्डलीकरण र निजीकरणका नाममा साम्राज्यवादका दलालहरुलाई बेचेर ध्वस्त हुन गए भने अर्कोतिर भारतीय बजारबाट हुने अनियन्त्रित हस्तक्षेपका सामु बचेखुचेका उद्योग र कृषिलगायतका सम्पूर्ण उत्पादनमूलक निजी व्यवसायहरु समेत प्रतिस्पर्धामा टिक्न नसकेर चौपट भएका छन् । भारतसँगको देशको व्यापार घाटा करिब १२ गुनाको हाराहरीमा पुग्दैछ । बेरोजगारीको समस्या विकराल छ । प्रति दिन सरदर २ हजारका दरले युवाहरु विदेश पलायन हुने गरेका छन् । गाउंमा युवा छैनन्, जमीन बाँझो छ । गाउँहरु वुढाबुढी बस्ने बृद्धाश्रम जस्ता भएका छन् । प्रतिवर्ष कुल गार्हस्थ उत्पादनको करीव एक-तिहाई आम्दानी विप्रेषणको रुपमा वैदेशिक रोजगारीबाट आउँछ । यसले पिसावले दिने जस्तो क्षणिक न्यानो अवश्य दिएको छ । तर, एक पटक अलि घोत्लिएर सोचौं त, वैदेशिक रोजगारीको प्रक्रिया बन्द भयो भने नेपाली जनताको हालत के होला ? परनिर्भरताको त्यो भयावह परिणाम अहिले अनुमान गर्नसम्म पनि सकिन्न ।

माथि हामीले उद्योग, व्यापार, पारवहन, जलस्रोत, कृषि लगायत निजी व्यवसायका क्षेत्रमा हाम्रो परनिर्भरताले के कस्तो प्रभाव पारेको छ र त्यसको दुरगामी असर कस्तो होला भन्ने विषयमा संक्षिप्त अध्ययन गऱ्यौं । यसबाट स्पष्ट बुझ्न सकिन्छ कि नेपाली जनताको जनजीविकाको समस्या बिकराल छ र यसको प्रमुख कारण वाह्य परनिर्भरता हो । साम्राज्यवादी एवं विस्तारवादी हस्तक्षेप र नेपालका शासकहरुको औपनिवेशिक मानसिकताका कारण नेपालको राष्ट्रिय स्वाधीनता त गुमेको छ नै यसका अतिरिक्त जनजीविकाका अवसरहरु पनि ध्वस्त भएका छन् । जनजीविकाको समस्या समाधान गर्ने बाटो त्यति बेला मात्र खुल्छ, जति बेला देशभक्त नेपाली जनताले साम्राज्यवादी तथा विस्तारवादी हस्तक्षेपको अन्त गर्न तीनका दलालबाट आफ्नो आत्मनिर्णको अधिकार खोसेर लिन्छन् र सम्पूर्ण राष्ट्रघाती असमान सन्धिहरु खारेज गर्छन् । एउटै वाक्यमा भन्ने हो भने यो साम्राज्यवाद र सर्वहारा क्रान्तिको युगमा राष्ट्रिय स्वाधीनताविना जनजीविकाका समस्या समाधान गर्न सम्भव छैन ।

नेपाली जनताले सामन्त, दलाल तथा नोकरशाही पुँजीपतिवर्गको हितको प्रतिनिधत्व गर्ने घरेलु प्रतिक्रियावादी सत्ताका विरुद्ध निरन्तर संघर्ष गर्दै आएका छन् । नेपालमा व्यवस्थित र संगठित रुपमा राजनीतिक संघर्षहरुको सुरुआत ००७ सालको वरिपरिबाट भएको छ । तर विडंवना, ती संघर्षहरु जसका विरुद्ध सुरु गरिए, अन्ततः तिनैसंग सम्झौता गरेर टुङ्गिए । नेपाली जनताले राणा शासनका विरुद्ध संघर्ष गरे तर त्यो संघर्षको नेतृत्व गर्ने प्रमुख शक्ति नेपाली काँग्रेसले तीनै राणाहरुसंग संझौता गऱ्यो । राणा शासनको “अन्त” पछिको पहिलो प्रधानमन्त्री मोहन समसेर जङ्गबहादुर राणा नै भए । ०४६ सालको आन्दोलन राजतन्त्रका विरुद्ध केन्द्रित थियो तर त्यो आन्दोलनको नेतृत्व गर्ने प्रमुख राजनीतिक शक्तिहरु नेपाली काँग्रेस र बाममोर्चाले रातन्त्रसंग संझौता गरे । फेरि पनि राज्यसत्तामा कुनै फेरबदल आएन । त्यति मात्र होईन, आन्दोलनको सुरुआत भारतीय शासकहरुको डिजाईनमा भयो र अन्त पनि उनीहरुकै योजनामा । यो सबैको व्याख्या यो छोटो लेखमा संभव छैन । संक्षिप्तमा भन्नुपर्दा, नेपालका राजनीतिक पार्टीका नेताहरु साम्राज्यवाद र भारतीय विस्तारवादका गोटी मात्र बने र राष्ट्र तथा जनतामाथि धोका भयो ।

यो पृष्ठभूमीमा, नेपालमा साम्राज्यवादी तथा विस्तारवादी हस्तक्षेप र सामन्तवादी शोषण तथा उत्पीडनको अन्तका लागि नयाँ जनवादी क्रान्ति सम्पन्न गर्ने न्युनतम रणनीतिका साथ तात्कालिन नेकपा (माओवादी)को नेतृत्वमा ०५२ फागुन १ मा महान जनयुद्धको थालनी भयो । पार्टीले एकपटक हतियार उठाई सकेपछि नयाँ जनवादी क्रान्ति सम्पन्न गरी समाजवाद हुँदै साम्यवादसम्म नपुगुञ्जेल यो हतियार बिसाउने छैन भन्ने प्रतिवद्धता पनि व्यक्त गऱ्यो । ५/७ वर्षको छोटो अवधिमा जनसत्ताहरु स्थापना भए र विकास हुन थाले । यो नेपाल मात्र होइन, संसारभरिका सर्वहारा वर्ग र आम उत्पीडित जनताका लागि आशाको केन्द्र र विश्व साम्राज्यवाद तथा भारतीय विस्तारवाद लगायत संसारभरिका प्रतिक्रियावादीहरुका लागि आँखाको कसिङ्गर बन्न गयो । यो तात्कालीन नेकपा माओवादीको नेतृत्वमा नेपाली सर्बहारावर्ग र उत्पीडित जनता तथा विश्व सर्बहारावर्गले प्राप्त गरेको महान् उपलब्धि थियो ।

तर विडम्बना, पार्टीको मूल नेतृत्वमा पैदा भएको वैचारिक विचलनका कारण क्रान्तिको त्यो महान प्रक्रिया दिल्लीमा भएको १२-बुँदे संझौता, चुनवाङ्ग बैठकले लिएको लोकतान्त्रिक गणतन्त्रको कार्यनीति, जनसत्ता र जनमुक्ति सेनाको विघटन हुँदै यहाँसम्म आईपुग्दा प्रतिक्रान्तिमा बदलिईसकेको छ । यो साम्राज्यवादी तथा विस्तारवादीहरुको राजनीतिक हस्तक्षेप र पार्टीको सर्बोच्च नेतृत्वमा पैदाभएको वर्गीय तथा राष्ट्रिय आत्मसमर्पणवादको परिणाम थियो । पछिल्ला घटनाक्रमहरुलाई मात्र हेर्ने हो भने पनि पहिलो संविधान सभाको विघटन, दोस्रो संविधान सभाको नौटंकी, संविधानप्रति भारतीय विस्तारवादको असहमति, संविधान संशोधनका लागि नाकावन्दीको दवाव र २५-बुँदे संयुक्त वक्तव्यसम्म आईपुग्दा नेपाली जनताले राष्ट्रिय र अन्तर्राष्ट्रिय मामिलामा राजनीतिक निर्णय लिने आफ्नो जनवादी अधिकार पनि सम्पूर्ण रुपमा गुमाइएसकेका छन् र त्यो साम्राज्यवाद र त्यसमा पनि मुख्यतः भारतीय विस्तारवादको हातमा पुगेको छ भन्ने कुरा स्पष्ट भएको छ ।

००७ सालको वरिपरिबाट नेपालमा जुन

... बाँकी ६ पेजमा

◆ झर्रोटर्रो कैलुब्राह

## ठूल्दाई पूजा

सुप्रिमोउवाच : गुरु ब्रह्मा गुरु विष्णु गुरु देवः भारतेश्वर
गुरु साक्षात हुनुभयो तस्मै श्री प्रणवाय नमः ।

विद्यापतिउवाचः स्वागतम् स्वागतम् प्रणवाय सुस्वागतम्
नाकावन्दी दण्ड पायौँ अब दास चरण पर्दछम् ।

डेउडापतिउवाचः या प्रणवाय सर्व भुतेषु शक्ति रूपेण संस्थिता
नमस्तस्यै नमस्तस्यै नमस्तस्यै नमो नमः ।

उखानप्रसादउवाचः नेतानाम् शक्तिनाम् चैव भक्तिनाम् प्रणवेश्वर
संसदीय गणतन्त्रे शक्ति पूजम् करिश्यमिः ।

पासाङउवाचः सुपिमोको आदेशमा दशौँ बर्स लडेथ्यौ
तिम्रो शक्तिका सामूमा पहिल्यै हामी झुकेथ्यौँ
अहिले तिम्रा आदेशले संविधानै बनायौँ
जय जय जय प्रभु हाम्रो झगडा मिलाइदेऊ ।

उपेन्द्रउवाचः हे प्रभु ! हाम्रा शक्तिदाता तपाइँ हुनुहुन्छ, सत्तादाता तपाइँ हुनुहुन्छ । हामीलाई पाहाडियावाला दलहरूले हेप्नु हेपेका छन् । हाम्रो कुरा सुनेका छैनन् । यतिखेर स्वयम् साक्षात तपाइँ उपस्थित भएका बखत पाहाडिया शासकहरूलाई आदेश दिएर हाम्रो कुरा मान्न भनिदिनुपरो प्रभु । तपाइँलाई कोटीकोटी प्रणाम छ । यिनीहरूलाई गलाउन हामीले चौरासी जुनी दुःख काट्यौँ तर पनि गलेनन् प्रभु । हाम्रा मधेशवासी रैतीहरूले पनि हामीलाई साथ दिन छोडिसके प्रभु । अब हाम्रो एक मात्र भरोसा तपाइँहरूको साक्षात शक्ति मात्रै छ प्रभु । हाम्रो विन्ति सुनिदिनुपरो प्रभु । शक्तिका पनि शक्ति तपाइँहरू नै हुनुहुन्छ । सार्कभरिका शक्ति तपाइँहरू नै हुनुहुन्छ । तपाइँहरूले एकै बचनमा थर्काउँदा शार्कको सम्मेलन नै भाँडिइसक्यो । भुटानी, बङगाली र अफगानीहरूले थुरुरु भएर कट्टुमा तुर्क्याउँदै तपाइँहरूको आदेश मानिरहेका छन् । यस्ता हजुरलाई कोटीकोटी प्रणाम छ ।

प्रणवाउवाचः चिरञ्जिवी भवः । आयुस्मान भवः । हे भक्तजनो, तुमलोगको सेवा भक्तिबाट हमी प्रसन्न भएछु । के वरदान माग्छौ माग ।

सुप्रिमोउवाचः हे प्रभु मेरो कुर्ची बचाइदिनु परो प्रभु । पैला कट्वालेले मेरो कुर्ची ढालिदियो, ऐले कार्कीले खान थाल्यो प्रभु । दया गरेर यो सेवकको विन्ति सुनिदिनु परो प्रभु । बाँचुञ्जेल हजुरहरूको सेवक बनिरहने छु ।

प्रणवाउवाचः धन्य छौ बालक । तिम्रो भक्तिदेखि म प्रसन्न नै छु । परन्तु कुर्ची बचाउने आशिर्वाद दिन मिल्दैन । यहाँका सबै भक्तहरूलाई आलोपालो कुर्चीमा बसाउनु पर्छ । तिम्रो पछाडि देउडापतिको पालो हो । उनी पालोमा बसिराखे छन् ।

सुप्रिमोउवाचः हो प्रभु उनकै पालो हो । लेकिन म दिब्य दुईदशक गुप्तवास रहँदा उनले धेरैचोटी यो कुर्चीमा बस्ने अवसर पाएका छन् । मेरेको ये अवसर कभि नही मिले हैं । धित मरते बख्त कुर्ची मे बैठनेका अवसर मुझे नही मिला प्रभु । यतिखेर त्यो अवसर मिलाईदिनु परो देवादी देव ।

प्रणवाउवाचः परन्तु इसबख्त मै भि आलङकारिक मात्र छु । शक्तिमा त मेरेको भि प्रतिद्वन्द्वी देवादी देव गुज्जरदेव विराजमान छन् । मेरो आशिरवचन पूरै लागू हुन्छ भन्न म शक्तिन ।

विद्यापतिउवाचः हे बडेभैया ! तपाइँ मेरो निम्तोलाई स्वीकार गरेर हाम्रो मण्डलीमा साक्षात हुनुभएको छ । आज दाइदूजको दिन पनि हो । यस अवसरमा म तपाइँलाई आफ्नो बडेभैया बनाएर टीका लगाइदिन्चु । हिज भाइपूजाको दिन थियो, आज दाइपूजाको दिन हो । त्यसैले मेरो सरकारले हाम्रो मण्डलीमा आज पनि सार्वजनिक विदा दिएको छ । तपाइँको स्वागत र सम्मानमा राजधानीमा कर्फ्यु लगाइएको छ । मेरो मण्डलीका सबै शीर्ष नेताहरू सरकारमा पुगेका बखत आफ्नो मण्डलीको भन्दा बढ्ता चिन्ता तपाइँका महामण्डलीको गर्चन् । उनीहरूले समय समयमा ठुलठुला नजराना चढाइरहेका छन् । हाम्रा नदीनाला, खानी खनिज, ढुङ्गा बालुवा सबै तपाइँहरूलाई भेटी चढाउँदा चढाउँदै सिद्धिइसके । अब हामीसँग चढाउने कुरा एउटै मात्र बाँकी छ, यो मण्डली । मण्डली रहे पनि यहाँको नीति नियम, संविधान कानून तपाइँहरूकै आदेश बमोजिम चलेकै छ बडेभैया । यसमा तपाइँहरू खुसी हुनुपर्च ।

प्रणवाउवाचः ठिक छ बहन । ये सब कुरा मलाई जानकारी भएछ । सुगौलीदेखीको ये सनातनी प्रथा कायमै राख्नु पर्छ । अब इस खुसियाली मे हमी सबलोक मिल के देउसी खेल्नु पर्छ ।

सबै एकसाथः हो हो प्रभु, निकै उत्तम प्रस्ताव । खेलौँ खेलौँ । हजुरले भट्याउनुस् हामी देउसी भन्छौँ । हाम्रा उपपति पैलाका कलाकार पनि हुनुहुन्च, उहाँले मादल बजाउने, विद्यापति नाच्ने र हामीले देउसीरे भन्ने ।

*(प्रणवपति भट्याउँछन्, विद्यापति नाच्छिन्, उपपतिले मादल बजाउँछन् र सुप्रिमो, उखानप्रसाद, डेउडापति, महिषपालहरू र सबै सबैले देउसी भन्छन् ।)*

हे भन् भन् भैयालोग
देउसु रे
देउसु रे बोलो
देउसु रे
हमारे आदेस
देउसु रे
ध्यान से सुनो
देउसु रे
संविधान बनायो
देउसु रे
बधाई सबको
देउसु रे
अब उसका लागू करो
देउसु रे
अगर संसोधन कर्ना हो तो
देउसु रे
हामरे आदेसको
देउसु रे
पालन करो
देउसु रे
उत्तरके तरफ
देउसु रे
नजर मत डालो
देउसु रे
ब्यापार वापार
देउसु रे
कुछ भि नाकरो
देउसु रे
देशक विकास उकास
देउसु रे
कोइ जरुरत छैन
देउसु रे
सबलोग सत्ताके खेलमे
देउसु रे
मस्त से खिलो झुलो
देउसु रे
काङ्ग्रेस कम्निस
देउसु रे
सब मिलजुल खाओ
देउसु रे
आराम करो
हाँ जी रे ।

kailubraha73@gmail.com

# अमेरिकी चुनाबः तेस्रो विश्वले के पाउँछ ?

*निर्वाचनमा जसले जितेपनि अमेरिका एजेण्डामा कमजोर हुनेछ । यदि हिलारीले जित निकालेको खण्डमा पहिलो ओबामा नीतिले निरन्तरता पाउने छ भने ट्रम्पले जित निकालेको अवस्थामा उसकै कतिपय संस्थाहरुले उठाउँदै आएको महिला अधिकार, नेतृत्व र समानताको नाराको नैतिक धरातल समाप्त हुनेछ । दोस्रो, गैरराजनीतिक पृष्ठभूमीमा ट्रम्पको जितले विश्व राजनीतिमा अमेरिकाको दबदबा कमजोर बन्नेछ । अमेरिकाको विदेश नीतिमा खासै परिवर्तन आउने छैन भने रिपब्लिकन वा डेमोक्रेट जुनसुकै उम्मेदवारको जित भएपनि त्यो साम्राज्यवादी कित्ता नै भएका कारण तेस्रो विश्वका लागि कुनै लाभ मिल्ने छैन ।*

**केशरमणि कटुवाल**

अमेरिका आफ्नो देशको भावी राष्ट्रपति चयनको प्रक्रियामा छ । डेमोक्रेटिक र रिपब्लिकन दुवै उम्मेदवार आफ्नो जित सुनिश्चित भएका राज्यभन्दा विपक्षीलाई भोट जानसक्ने सम्भावित र एक अर्काका गढ क्षेत्रमा चुनावी प्रचारप्रसारमा व्यस्त छन् । विश्व राजनीतिमा नै शक्तिशाली राष्ट्रको रुपमा आफूलाई उभ्याएको अमेरिकाको राष्ट्रप्रमुख, सरकार प्रमुख र सेनाको कमाण्डर-इन-चिफ समेत हुने राष्ट्रपति निर्वाचनले यतिबेला विश्वकै ध्यान आकिर्षित गर्नु स्वभाविक हो । अमेरिकी राष्ट्रपति निर्वाचन विश्वकै लामो र जटिल राष्ट्रपतीय निर्वाचन प्रणाली हो । अमेरिकी राष्ट्रपतिको निर्वाचनले कसलाई विजयी गराउँछ भन्ने कुरा अबका मंगलबारको निर्वाचनले फैसला गर्नेछ ।

यतिबेला अमेरिकी राष्ट्रपतिको निर्वाचनले कस्तो परिणाम ल्याउला भनेर व्यग्र प्रतिक्षा र चर्चा परिचर्चा भइरहेको छ। विश्वमा आफूलाई प्रजातान्त्रको हिमायती ठान्ने अमेरिकाको राष्ट्रपतिको निर्वाचनचाँहि कत्तिको प्रजातान्त्रिक तरिकाले हुन्छ ? केही समयअघि राष्ट्रपति पदका लागि उम्मेदवार बनेका डोनाल्ड ट्रम्पले निर्वाचन धाँधलीरहित हुनेमा आशंका जनाएका थिए । यो सँगै उनले यसअघिका निर्वाचनमा पनि धाँधली हुने गरेको आफूले सुनेको भन्दै निर्वाचनको परिणामलाई स्वीकार गर्न नै अस्वीकार गरेका थिए । उनले आफूले निर्वाचन जितेको अवस्था वा स्वच्छ भएको अवस्थामा मात्रै निर्वाचन परिणाम स्वीकार गर्ने बताइसकेका छन् । यस्तो अवस्थामा अमेरिकी निर्वाचन प्रणालीमाथि प्रश्न उठ्नु स्वभाविक हो । अमेरिकी राष्ट्रपतीय प्रणाली विश्वमा नै परिचित शासकीय प्रणाली हो । सन् १७८० को दशकमा पहिलो अमेरिकी राष्ट्रपति जर्ज वासिंगटनदेखि अहिलेसम्म अमेरिकी शासनप्रणालीमा खास परिवर्तन आएको छैन । भलै अमेरिकी संविधानमा गरिएका विभिन्न संशोधनबाट सुधार गरिएको छ । आज अमेरिकी राष्ट्रपतीय प्रणालीलाई हेरेर आफ्नो देशमा पनि राष्ट्रपतीय प्रणाली लागु गरेका धेरै देश छन् । यस व्यवस्थामा राष्ट्रपति र संसद समानान्तर संस्था जस्तो देखिन गएपनि अमेरिकी प्रजातान्त्रिक इतिहासलाई केलाउने हो भने त्यहाँ राष्ट्रपति र संसदबीच अन्योन्याश्रित सम्बन्ध स्थापित भएको छ । महाअभियोगजस्ता जटिल परि स्थितिलाई छाडेर सत्ताको एक निश्चित समयसम्म स्थायित्व रहन्छ । राष्ट्रपतीय प्रणालीमा जनताले सिधैं राष्ट्रपति निर्वाचित गर्ने भएपनि अमेरिकी राष्ट्रपतिको निर्वाचन प्रक्रिया अली जटिल, लामो र विश्वमै खर्चिलो चुनाव पनि हो । अमेरिकी संविधानमा व्यवस्था गरिएको यो व्यवस्थामा संविधानको १२औं, २२औं र २३औ संशोधनबाट सुधार गरिएको हो ।

हरेक चार वर्षमा हुने अमेरिकी राष्ट्रपति निर्वाचनले राष्ट्रपति र उपराष्ट्रपति निर्वाचित गर्छ र उम्मेदवार बन्नका लागि अमेरिकामै जन्मिएको तथा ३५ वर्ष उमेर पूरा गरेका हुनुपर्छ । त्यतिले मात्रै पुग्दैन उम्मेदवार हुनुभन्दा अघि लगातार १४ वर्षसम्म अमेरिका नै बसेको हुनुपर्छ। कुनैपनि अमेरिकी राष्ट्रपतिले बढीमा दुई कार्यकाल काम गर्न पाउँछन्। फ्रेंकलिन डि रुजवेल्ट अपवाद हुन् जसले चार प्रेसिडेन्सियल निर्वाचन जित्ने रेकर्ड कायम गरेका थिए । अमेरिकामा कुनै राष्ट्रपतिका लागि अधिकतम दुई कार्यकालको अलिखित कानुन त्यसबेलादेखि लागु भएको थियो, जतिबेला जर्ज वासिंगटनले सन् १७९६ मा तेस्रो पटक राष्ट्रपति बन्न अस्वीकार गरेका थिए । युलिसिस ग्रान्टले तेस्रो पटक राष्ट्रपतिको उम्मेदवार बन्ने प्रयास गर्दा आलोचनाका पात्र बन्नु पऱ्यो । अमेरिकी संविधानमा गरिएको २२औं संशोधनमार्फत कुनै राष्ट्रपति दुई कार्यकालभन्दा बढी पटक रहन नपाउने व्यवस्था गरिएको हो ।

हालसम्म ४४ जनाले अमेरिकी राष्ट्रपति पदमा पुगिसकेका छन् र यो ५८औं अमेरिकी राष्ट्रपतिको निर्वाचनले ४५औं राष्ट्रपति चयन गर्नेछ । चार अमेरिकी राष्ट्रपति (विलियम हेनरी ह्यारिसन, जेकरी टेलर, वारेन हार्डिंग र फ्रेंकलिन रुजवेल्ट) को पदमा रहँदा नै मृत्यु भयो भने चार अमेरिकी राष्ट्रपति (अब्राहम लिंकन, जेम्स गार्फिल्ड, विलियम म्याकन्ली र जोन केनेडी) को हत्या भयो। रिचर्ड निक्सनले वाटरगेट काण्डका कारण राष्ट्रपतिको पदबाट राजीनामा दिनु परेको थियो। ठीक यतिबेला जिम्मी कार्टर, जर्ज एच डब्लु बुस, बिल क्लिन्टन र जर्ज डब्लु बुस गरी चार जनामात्रै अमेरिकी पूर्व राष्ट्रपति जीवित रहेका छन्।

**झन्झटिलो निर्वाचन प्रक्रिया र 'इलेक्सन डे'**

अमेरिकी राष्ट्रपति पदका लागि हुने निर्वाचनको मिति निश्चित छ। तर, यसको निर्वाचनको प्रक्रिया र प्रचार अभियान झन्झटिलो, अनिश्चित, जटिल तथा पेचिलो छ। अन्य पार्टीका पनि उम्मेदवार हुने भएपनि डेमोक्रेटिक र रिपब्लिकन पार्टीबीच मुख्य प्रतिस्पर्धा हुने गर्दछ । धेरै लामो अमेरिकी राष्ट्रपतिको निर्वाचन प्रक्रिया अत्यन्तै खर्चिलो पनि छ। निर्वाचन प्रक्रिया कहिलेबाट सुरु गर्ने भन्ने अन्य देशमा जस्तो कुनै नियम छैन । जस्तो कि रिपब्लिकन पार्टीका उम्मेदवारको दौडमा पछि परेका टेड क्रुजले मार्च २०१५ देखि निर्वाचन अभियान सुरु गरेका थिए । लामो यस प्रक्रियामा कति खर्च हुन्छ भनेर हामीले कुनै अनुमान नै लगाउन कठिन छ।

रिपब्लिकन र डेमोक्रेटिक पार्टीको प्राइमरी इलेक्सनबाट आफ्ना आफ्ना उम्मेदवार चयन हुन्छन् र पार्टीको राष्ट्रिय सम्मेलनबाट आफ्ना प्रत्यासीको घोषणा गरिन्छ । आम रुपमा अमेरिकी राष्ट्रपतिको निर्वाचनको प्राइभरी विशेष गरी फेब्रुअरीदेखि मार्चसम्ममा भइसक्छ । पार्टीको राष्ट्रिय सम्मेलनबाट औपचारिक रुपमा प्रत्यासीको घोषणा गरिएपछि 'इलेक्सन डे' का लागि प्रचार अभियान सुरु हुन्छ । आम रुपमा नोभेम्बरको पहिलो साता अमेरिकी राष्ट्रपतिको निर्वाचनमा जनताले प्राइमरी निर्वाचनमा जस्तै इलेक्टर्स छान्छन्। यसलाई 'इलेक्ट्रोरल कलेज' भनिन्छ। यी नै इलेक्टोरल कलेजले अमेरिकी राष्ट्रपति चयन गर्छन । यसमा ५३८ जना इलेक्टर्स हुन्छन्। यो संख्या अमेरिकाको दुवै सदन (सिनेट र हाउस अफ रिप्रेजेन्टेटिभ) को सदस्य संख्याको कुल जोड हो । यी नै इलेक्टर्सको बहुमत अर्थात २७० भन्दा बढी मत ल्याउने व्यक्ति अमेरिकी राष्ट्रपतिमा निर्वाचित हुन्छ।

**यसपटक कसका कस्ता एजेन्डा ?**

अमेरिकी राष्ट्रपति पदका लागि हुने निर्वाचनको घन्टा गन्ती सुरु भइसकेको छ। यसपटक रिपब्लिकन पार्टीका डोनाल्ड ट्रम्प र डेमोक्रेटिक पार्टीबाट हिलारी क्लिन्टन मुख्य प्रतिस्पर्धामा छन्। दुवै नेताले आफ्ना नीति तथा कार्यक्रमलाई लामो निर्वाचन प्रक्रियासँगै आम जनतामाझ प्रस्तुत गरिसकेका छन् । जसमा अदृश्य रुपमा आतंकवादको नियन्त्रण दुवैका प्रमुख एजेण्डा हुन्। यद्यपि यसबाहेक दुवै नेताले आफ्ना एजेण्डालाई आम रुपमा प्रस्तुत गरेका छन्। दुवैले आफ्ना नीतिको बचाउ गर्दै एक अर्काका नीतिको तीखो आलोचना गर्दै आएका छन् । हिलारी र ट्रम्पबीच रुस, इराक, यौन शोषण र इमिग्रेसनलगायतका विषयमा पटक पटक बहस भएका छन् । हिलारीले अमेरिकी जनताले हतियार राख्ने विषयमा चलिरहेको बहसका क्रममा हतियार राख्ने परम्पराको सम्मान गर्ने तर, त्यसको सही सञ्चालन हुनुपर्ने आफ्नो मत राखेकी छन्। अमेरिकामा पटक पटक यसरी घरमा नै राखिने हतियार हत्या, आतंक सिर्जना गर्ने लगायतका कार्यमा प्रयोग भएपछि हतियारको सवाल उठेको छ।

उनले ट्रम्पले महिलाको सम्मान नगर्ने गरेको, रुसी राष्ट्रम्पले महिलाको सम्मान नगर्ने गरेको, रुसी राष्ट्रपति भ्लादिमीर पुटिनको कठपुतली भएको, अमेरिकी राष्ट्रपति निर्वाचनमा अहिलेसम्मकै सबैभन्दा खतरनाक उम्मेदवार भएको आरोप लगाएकी छन्। उनले गर्भपतनको सन्दर्भमा महिला अधिकारको रक्षा गर्ने प्रतिबद्धता जनाएकी छन् । बिन लादेन जस्तै अबु बकर अल बगदादीको अन्त्य गर्ने, मोसुल आईएसको कब्जाबाट स्वतन्त्र पार्ने, कर वृद्धि नगर्ने, सामाजिक सुरक्षा योजनाको प्रभावकारी कार्यन्वयन र रोजगारीको सिर्जना आफ्नो प्राथमिकतामा पर्ने बताएकी छन्।

यसैगरी ट्रम्पले इस्लामी कट्टरपन्थको अन्त्य गर्ने, अवैध रुपमा अमेरिकामा बसोबास गरिरहेका आप्रवासी हटाउने, मेक्सिकोसँगको सीमा क्षेत्रमा पर्खाल लगाउने, आफूले जति महिलाको कसैले पनि सम्मान नगर्ने, अफ्रिकी-अमेरिकीका लागि हिलारीले १० जन्ममा पनि गर्न नसक्ने काम आफूले गर्ने, पुटिन आफ्ना साथी नभएर रुस र अमेरिका मिलेर काम गर्नु राम्रो हुने आफ्नो भनाई रहेको बताएका छन् । यसैगरी उनले ओबामा र हिलारीले आफ्नो चुनावी ऱ्यालीमा हिंसा फैलाएको, उनी खुल्ला सीमाको पक्षमा रहेकोलगायतका आरोप लगाएका छन् । यद्यपि अमेरिकाको खास गरी विदेश नीति र आतंकवादविरोधी अभियानका बारेमा भने शब्द फरक राखेर एक अर्कालाई गाली गरेपनि सार रुपमा त्यसमा परिवर्तन आउने सम्भावना देखिदैन।

**हरेक मतका लाथि प्रतिस्पर्धा**

निर्वाचनको दिन नजिकिदै जाँदा दुई उम्मेदवार मध्ये कसले जित्ला भन्न कठिन पर्दै गएको छ । डेमोक्रेटिक पार्टीकी हिलारी क्लिन्टन रिपब्लिकन पार्टीका डोनाल्ड ट्रम्प भन्दा मत सर्वेक्षणमा अघि देखिदै आएकी थिइन् । तर, पछिल्लो समयमा हिलारी क्लिन्टनको इमेल प्रकरणको एफबीआईले पुनः छानविन गर्न सुरु गरेपछि हिलारीका समर्थक निराश देखिएका छन्। जसका कारण ट्रम्प र हिलारीबीच मत सर्वेक्षणमा तीव्र प्रतिस्र्धा देखिएको छ । दुई उम्मेदवारबीच पछिल्लो समयमा केही निर्णायक राज्यमा एक अर्काको भोट आफूतिर तान्ने प्रयासस्वरुप प्रचार अभियानलाई जारी राखेका छन्। ठूलो जनसंख्या भएको मुलुक अमेरिकामा राष्ट्रपति पदमा कसले बाजी मार्ला भनेर अहिले नै भन्न कठिन भएपनि मत सर्वेक्षणमा हिलारी अघि देखिएपनि उनको अन्तर धेरै देखिन्न । अमेरिकाका केही राज्य राष्ट्रपति निर्वाचनमा केही राज्यहरु जहिले पनि निर्णायक रहँदै आएका छन् । ती राज्यमा जता मत गयो सोही पार्टीका उम्मेदवार राष्ट्रपति निर्वाचित हुने सम्भावना रहन्छ। एरिजोना, कोलराडो, फ्लोरिडा, जर्जिया, ओहायो, मिसिगन, नेवाडा, न्यु हेम्पसायर, नर्थ क्यारोलिना, आयोवा, पेनसिलभेनिया, भर्जिनिया र विस्कनसिन राज्य राष्ट्रपति निर्वाचनकको परिणाम प्रभावित पार्ने निर्णायक राज्य हुन् । अहिले सम्मका सर्वेक्षणमा यी निर्णायक १३ राज्यमध्ये ९ राज्यमा हिलारी र ४ राज्यमा ट्रम्प अघि रहेको देखाइएको छ । तर, अहिले यसमा कडा प्रतिस्पर्धा छ। एरिजोना, जर्जिया, नेभाडा र फ्लोरिडा राज्यमा ट्रम्प अगाडि देखिएका छन् । गत अक्टोबर २३ मा एबीसी र वासिंगटन पोस्टले गरेको सर्वेक्षणमा हिलारी प्रतिस्पर्धी डोनाल्ड ट्रम्पभन्दा १२ अंकले अघि देखिएकी थिइन् । तर, इमेल काण्डको पुनः छानविन सुरु भएपछि अहिले हिलारी र ट्रम्पबीच मात्रै ३ अंकको फरक देखिएको छ। निर्णायक १३ राज्यमध्ये हिलारी ९ राज्यमा अघि देखिएकी थिइन् तर पछिल्लो समयमा सीबीएस पोलअनुसार त्यहाँ पनि हिलारीले मत हासिल गर्नका लागि धेरै प्रतिस्पर्धा गर्नुपर्ने देखिएको छ। यद्यपि अझैपनि उनको पक्षमा ५२ प्रतिशत मतदाता देखिएका छन्। गत ७ अक्टोबरमा सार्वजनिक भएको ट्रम्पको एक भिडियोले उनी धेरै पछि परेका थिए ।

यस्ता घटनाहरु कुनैपनि उम्मेदवारका लागि आफ्नो अभियान नै अन्त्य गर्न पनि पर्याप्त हुने गर्दछन् । तर उनी यसबाट बच्न सफल भए । त्यसअघि ३ अक्टोबरमा भएको सर्वेक्षणमा हिलारीको पक्षमा ५१ प्रतिशत र ट्रम्पको पक्षमा ४५ प्रतिशत मत देखिएको यियो । सुरुवात देखि नै ट्रम्पको पक्षमा साधारणतया ४० प्रतिशत मत देखिदै आएको छ र निकै कम मात्रामा मात्रै ४५ प्रतिशत पुगेको छ । अहिले कतिपय क्षेत्रमा भएको सर्वेक्षणमा दुवैको बराबर सम्भावना औल्याएको छ । त्यसकारण दुवै उम्मेदवारले कडा प्रतिस्पर्धा रहेका राज्यमा एक एक मत पनि आफ्नो पक्षमा पारेर जित निकाल्नुपर्ने आवश्यकता देखिएको छ। यसैगरी निर्वाचनको दिन आउन लाग्दा दुवै उम्मेदवार एक अर्काको गड क्षेत्रतर्फ चुनावी प्रचारमा केन्द्रित देखिएका छन्। यतिबेला रिपब्लिकन पार्टीका डोनाल्ड ट्रम्प डेमोक्रेटिक पार्टीको पकड क्षेत्रमा प्रचार अभियानमा जुटेका छन्। उनले अन्तिम समयमा पेनसिलभेनिया, मिसिगन र मिनेसोटामा भ्रमण गर्दैछन्। जहाँ १९७२ देखि रिपब्लिकन पार्टीले जित हासिल गर्न सकेको छैन ।

यस्तै हिलारी पनि फिलाडेल्फिया र पेनसिलभेनिया पुगेकी छन् । निर्वाचन सर्वेक्षणहरुले अझैपनि निर्णायक राज्यमा हिलारी नै अघि रहेको देखाएको छ । अहिले करिब ३७ मिलियन भोट कता जान्छ भन्ने निश्चित जस्तै देखिएको छ भने खासगरी ल्याटिन अमेरिकी मूलका भोटरहरु फ्लोरिडा, एरिजोना र नेभाडासहितका राज्यमा अन्तिम समयमा आएर परिवर्तन हुन सक्ने सर्वेक्षणहरुमा औल्याइएको छ । फ्लोरिडा राज्य दुवै उम्मेदवारका लागि महत्वपूर्ण रहेको र खासगरी हिलारीलाई निर्वाचन जित्न फ्लोरिडा राज्यमा जित्नु अत्यावश्यक जस्तै छ।

**अरु उम्मेदवारसँगको प्रतिस्पर्धा**

अमेरिकी राष्ट्रपतिको दौडमा यसपटक हिलारी र ट्रम्पबाहेक अरुपनि उम्मेदवार मैदानमा रहेका छन् । ती उम्मेदवारहरुले कुनै पनि राज्यमा अली बढी भोट तानेका अवस्थामा परिणाम कता जान्छ भनेर भन्न कठिन पर्नेछ । सोही रणनीतिमा छिन्, ग्रीन पार्टीका उम्मेदवार ६६ वर्षीय जिल स्टेन । उनी पेशाले डाक्टर हुन् । उनले डेमोक्रेटिक पार्टीका राष्ट्रपतिका प्रत्यासी रहेका बर्नी स्यान्डर्स चुनावी प्रतिस्पर्धाबाट बाहिरिएपछि उनले लगातार हिलारीविरुद्ध अभियान सञ्चालन गरिरहेकी छन् । उनको पक्षमा अमेरिकाभर २ प्रतिशत मत देखिएको छ । यसैगरी न्युमेक्सिकोका पूर्व गर्भनर ग्यारी जोनसन पनि राष्ट्रपतिको पदका प्रत्यासी रहेका छन् । उनले रिपब्लिकन पार्टीका ट्रम्पसँग असन्तुष्टहरुको भोट आफ्नो पक्षमा पार्ने कोसिस गरिरहेका छन् । लिबर्टेरियन पार्टीका उम्मेदवार उनको पक्षमा गत सेप्टेम्बरसम्म ९ प्रतिशत भोट देखिएको थियो । अहिले त्यसमा केही तलमाथि हुनसक्ने अनुमान गरिएको छ । यस्तै एक स्वतन्त्र उम्मेदवार इभान म्याक्मुलिन पनि चुनावी प्रतिस्पर्धामा छन् । पूर्व सीआईएका कर्मचारी उनले अक्टोबर सम्ममा आफ्नो पक्षमा राम्रो मत संकलन गरेको देखिएको थियो । अमेरिकामा उनको पक्षमा ६ प्रतिशत र युटा राज्यमा प्रतिस्पर्धामा देखिएका छन् । उनले आफ्नो राज्यमा राम्रो व्यवस्थापन गरी आफ्नो राज्यमा चुनाव जितेको खण्डमा सन् १९६८ पछि कुनैपनि राज्यमा चुनाव जित्ने पहिलो तेस्रो पार्टीको उम्मेदवार बन्नेछन् ।

अन्त्यमा, लामो प्रतिक्षापछि अमेरिकी राष्ट्रपति पदको निर्वाचन आइपुगेको छ । यो निर्वाचनमा कसको पल्ला भारी होला त्यो हेर्न भने केही दिन पर्खिनुपर्नेछ । यद्यपि अमेरिकाजस्तो शक्तिशाली देशमा आफ्ना नीतिले बलियो साबित गर्नेभन्दा अर्कोलाई कमजोर तुल्याएर आफूलाई बलियो देखाउने प्रयत्न भइरहेको छ ।

यसपटकको निर्वाचनमा जसले जितेपनि अमेरिका एजेण्डामा कमजोर हुनेछ । यदि हिलारीले जित निकालेको खण्डमा पहिलो ओबामा नीतिले निरन्तरता पाउने छ भने ट्रम्पले जित निकालेको अवस्थामा उसकै कतिपय संस्थाहरुले उठाउँदै आएको महिला अधिकार, नेतृत्व र समानताको नाराको नैतिक धरातल समाप्त हुनेछ। दोस्रो, गैरराजनीतिक पृष्ठभूमीमा ट्रम्पको जितले विश्व राजनीतिमा अमेरिकाको दबदबा कमजोर बन्नेछ । अमेरिकाको विदेश नीतिमा खासै परिवर्तन आउने छैन भने रिपब्लिकन वा डेमोक्रेट जुनसुकै उम्मेदवारको जित भएपनि त्यो साम्राज्यवादी कित्ता नै भएका कारण तेस्रो विश्वका लागि कुनै लाभ मिल्ने छैन ।





# भारतीय...

मुस्कुराइरहेका थिए ।

यस सन्दर्भमा अर्को रोचक प्रसंग के पनि छ भने कुरा चलेको तर अहिलेसम्म तय भैनसकेको चिनियाँ राष्ट्रपति सि जिनपिङको भ्रमणमा समेत मुखर्जीको भ्रमणमा जस्तै राष्ट्रिय विदा गर्ने निर्णय भएको सुनिएको छ । सरकारले अपनाएको यस प्रकारको रवैयाको जनस्तरबाट व्यापक आलोचना र विरोध भएपछि प्रधानमन्त्री दाहालले राष्ट्रपति भण्डारीको सुझाव अनुसार त्यसो गरेको भनेका छन् भने भण्डारीले आफूले त्यस्तो सुझाव नदिएको बताएकी छिन् । राज्य र सरकार सञ्चालनको जिम्मेवारी लिएर बसेका व्यक्तिहरुका तर्फबाट यस प्रकारका प्रतिटिक्काटिप्पणी सुझाव आउनु स्वयम् लज्जास्पद र हाँस्यास्पद विषय हुन गएको छ भने राज्य, सरकार र तिनका संचालक भनिएकाहरुको बचकनापनलाई पनि उदाङ्गो पारिदिएको छ । भारतीय राष्ट्रपति मुखर्जीको भ्रमणका सन्दर्भमा नेपालको राज्य र सरकारले जुन ढंगको हर्कत गरेको छ, त्यसले यहाँको राज्य र सरकारको देश र जनताका हितका पक्षमा गर्नुपर्ने कुनै काम र जिम्मेवारी नै नभएको जस्तो अवस्था देखाउन पुगेको छ ।

अहिले हामी एक्काइसौ शताब्दीको विश्वमा आइपुगेका छौं । र देश एवं राष्ट्रहरुका बीचमा शक्ति, पुँजी र प्रभावजस्ता विषयहरुमा मात्र प्रतिस्पर्धा भइरहेको छैन, बरु देश एवम् राष्ट्रहरु कति सभ्य र सुसंस्कृत हुँदै गएका छन् भन्ने कुराको समेत मापन र प्रतिस्पर्धा हुँदै गएको छ । त्यसरी हेर्दा नेपाल राज्य र सरकारले अतिथि सत्कार र सुरक्षा प्रदान गर्ने नाममा जेजस्तो क्रियाकलाप दर्शादएको छ, त्यो एकप्रकारको असभ्यताको नै उदाहारण हो । यदि राज्य र सरकारले अतिथिको सत्कार र सुरक्षाको नाममा सम्पूर्ण देश र राज्ययन्त्रलाई नै ठप्प पार्ने निर्णय गर्दछ भने त्यो सामन्ती एवम् बर्बर संस्कार र संस्कृतिको द्योतक हो भने नेपाली जनता र नागरिकलाई हेपेको र बेवास्ता समेत गरिएको हो । जुन आधुनिक राज्य प्रणालीमा सोच्न नसकिने कुरा हो । अर्का शब्दमा भन्नुपर्दा राज्य प्रदत्त सेवा सुविधाहरुलाई सामान्य ढंगले व्यवस्थापन गर्ने असक्षमताको ज्वलन्त उदाहारणसमेत हो ।

मुखर्जी भ्रमणका दौरानमा नेपाल राज्य र सरकारका तर्फबाट निर्णित र सृजित परिघटनाहरु यत्तिकै भएका भने होइनन् । त्यसको मुख्य कार्यकारण भनेको नेपालका शासकवर्ग वा सत्तासीन र सत्तान्मुख व्यक्ति एवं समुहहरुमा नैसर्गिक चारित्रिक गुणका रुपमा निहीत रहेको सामान्यतः अन्तर्राष्ट्रिय शक्ति र विशेष गरेर भारतीय सत्ता र सत्तासिन वर्ग(स्टाबलिस्मेन्ट) बाट आशिर्वाद प्राप्त गर्नका लागि गरिएको नाङ्गो प्रकारको दलाली, चाकरी र चाप्लुसीको उन्मादी पराकाष्ठा नै हो । गत तीन दिनसम्मको गतिविधिले त्यस प्रकारको दलाली र चाकरीको उन्मादलाई पराकाष्ठामा नै पुऱ्याएको छ भन्नु अत्युक्ति नहोला । नेपाली कांग्रेस र नेकपा (एमाले) र तिनका नेतृत्वले आफ्नो सत्तास्वार्थ पूरा गर्नका लागि यस्ता कार्य गर्न कुनै कसर बाँकी नराखेको जगजाहेरै छ । अहिले आएर त्यसप्रकारको दौडको प्रतिस्पर्धामा नेकपा (माओवादी केन्द्र) र त्यसको नेतृत्वले पनि अब्बल दर्जाको कौशलता देखाउन पछि नपरेकोमा शंका गर्नुपर्ने ठाउँ छैन ।

यतिखेर नेपाली जनता र नागरिकले विभिन्न माध्यममार्फत् राज्य, सरकार र तिनका संचालकका रुपमा रहेका व्यक्ति एवं पार्टीका बारेमा जुन ढंगले आलोचना र विरोध जनाएका छन्, त्यो सहि छ र स्वागतयोग्य छ । यसका साथै सम्पूर्ण देशभक्त एवं स्वाभिमानी नेपाली जनता र नागरिकहरुले कथित क्रान्तिकारी र क्रान्तिकारी व्यक्ति र पार्टीका खोल ओडेर राज्य सत्तामा हालीमुहाली गर्न पुगेका राष्ट्रघाती र जनघाती तत्वहरुलाई नङ्ग्याउन र धरासायी बनाउन अझ सशक्त र जुझारु ढंगले अगाडि बढ्न आवश्यक छ । हाम्रो आफ्नै देशको राज्य र सरकारमा यस प्रकारका विदेशी शक्तिका दलाल र चाकरीबाजहरुको रजाइँ चलेका कारण विगत लामो समयदेखि देशमा राष्ट्रिय स्वाधीनता र सार्वभौमिकता थिचोमिचोमा पर्दै आएको छ । मुखर्जी भ्रमणका दौरानमा जे जस्तो चर्तिकला तिनिहरुले देखाएका छन्, त्यो त्यही ऐतिहासिक परिघटनाहरुका नवीनतम कडी मात्र हो, तर पछिल्लो भने होइन । किनभने जबसम्म त्यसप्रकारका तत्वहरुलाई नेपाली जनताले सत्ताच्यूत गरी पाखा लगाउन सक्ने छैनन, तबसम्म यस्ता परिघटनाहरुको नयाँ नयाँ प्रकरण र संस्करणमा पुनरावृत्ति भइरहने कुरा सतप्रतिशत नै सुनिश्चित छ ।

हामीले आफ्नो देशको स्वाधीनता र सम्मानलाई उचो राख्नका लागि छिमेकी र मित्रहरुसँगको सम्बन्धलाई पारस्परिक सम्मान र समानताका आधारमा अगाडि बढाउन दृढतापूर्वक उभिनसक्नु पर्दछ । तर नेपाल राज्यको करिब अढाइसय वर्षको इतिहासमा शासकवर्ग र राज्य संचालकहरुले देश र राज्यलाई कुनै न कुनै ढंगले निम्छरो सावित गराउने कार्य गर्दै र भूमिका खेल्दै आएको कुरो ऐतिहासिक तथ्यहरुबाटै प्रमाणित भएको छ ।

# यसरी...

**मोर्चाको मिथिला राज्य संयोजकमा रोशन जनकपुरी**

जनकपुर । एक भेलाबीच देशभक्त जनगणतान्त्रिक मोर्चा, नेपालको मिथिला राज्य स्तरीय समन्वय समिति गठन भएको छ । मोर्चाको केन्द्रीय सचिवालय सदस्य समेत रहेका रोशन जनकपुरीको संयोजकत्वमा बनेको सो समन्वय समितिका सदस्यहरुमा विदुर खरेल, जितेन्द्र सिंह, नन्दकुमार झा, विश्वेश्वर राय, किरण अधिकारी, संजय सिंह, ठकन महतो, केशव न्यौपाने, प्रेम भूजेल, गान्धी यादव, बलिराम यादव, सुरेन्द्र साह, रामेश्वर यादव रहेका छन् ।

एक जना पछि थप्ने गरी १५ सदस्यीय गठित सो समन्वय समितिको बैठकले मंसिर ११ सम्ममा मिथिला राज्य अन्तर्गतका धनुषा, महोत्तरी, सर्लाही, सिरहा र सप्तरी जिल्लाहरुमा जिल्ला कमिटीहरुलाई पूर्णता दिने निर्णय गरेको छ । रोशन जनकपुरीको अध्यक्षतामा बसेको बैठकमा नेकपा (क्रान्तिकारी माओवादी)का केन्द्रीय सचिवालय सदस्य तथा मिथिला राज्य संयोजक कृष्णदेव सिंह दनुवारको उपस्थिति रहेको थियो । बैठकले राज्यका सबै जिल्लामा वालपेन्टिङ, गोष्ठी, कोणसभा र प्रशिक्षण कार्यक्रम संचालन गर्ने निर्णय समेत गरेको छ । मोर्चाले धनुषा संयोजकमा नन्दकुमार झा, सिरहा संयोजकमा किरण अधिकारी, महोत्तरी संयोजकमा बलिराम यादव, सप्तरी संयोजकमा रामेश्वर यादवलाई जिम्मेवारी तोकेको छ ।

**थारुवान राज्य संयोजकमा रामबहादुर केसी**

नेपालगंज । नेपालगंजबाट प्राप्त जानकारी अनुसार मोर्चाको थारुवान राज्य संयोजकमा रामबहादुर केसी चुनिएका छन् । मोर्चाको केन्द्री सदस्य समेत रहेका केसीको संयोजकत्वमा यमबहादुर साह, विष्णुप्रकाश नेपाली, मैनामोती चौधरी, जंगबहादुर देउवा, तिलक विक, सीमा चौधरी(ज्ञावाली), भगवती सिंह, लोकबहादुर विक, विन्तीराम चौधरी, अँगानु चौधरी, नन्दराम रोका, निमबहादुर घर्तीमगर, खुशीराम चौधरी, खुपीराम पौडेल, दयाराम यादव, इन्द्र थारु, भगवती शाही, सुशिला चौधरी, अजब भाट, जनक ठकुल्ला, भोजबहादुर विक, कमल चौधरी, सुब्बा थारु, नवीन शाही, जानकी थारुलगायत सदस्य रहेको ३५ सदस्यीय राज्य समन्वय समिति गठन गरिएको छ ।

भेलापछि बसेको समितिको बैठकले राज्यन्तर्गतका जिल्लाहरुमा संगठन निर्माणका लागि मोर्चाका केन्द्रीय सदस्य समेत रहेका सदस्यहरुको कार्यविभाजन गरेको छ । जसमा कैलाली र बर्दियामा संयोजक रामबहादुर केसी र मैनामाती चौधरी, दाङ र बाँकेमा यमबहादुर साह र कंचनपुरमा विष्णप्रकाश नेपालले पहल गर्ने निर्णय लिइएको छ ।

**नेवा राज्य संयोजकमा गोर्की श्रेष्ठ**

ललितपुर । हालै ललितपुरको कुपण्डोलमा भएको एक भेलाले गोर्की श्रेष्ठको संयोजकत्वमा १३ सदस्यीय देशभक्त जनगणतान्त्रिक मोर्चा, नेपालको नेवा राज्य समन्वय समिति निर्माण गरेको छ ।

सो समन्वय समितिको सदस्यहरुमा हरि कृष्ण गजुरेल, इन्दिरा घिमिरे, इन्दिरा अधिकारी, अम्बिका पाण्डे, हरिकृष्ण उपाध्याय, सोनाम याङ्की लामा, भरत बुर्जा, भक्तराज थापा, खगेन्द्र छन्त्याल, श्याम केसी, श्रीकृष्ण सुलु, सचिर महर्जनलगायत रहेका छन् ।

नेकपा (क्रान्तिकारी माओवादी)का सचिवालय सदस्य तथा नेवा राज्य इन्चार्ज दिनेश शर्मा, पार्टी सचिवालय सदस्य तथा नेवा राज्यका सहइन्चार्ज पवनमान श्रेष्ठ, पार्टीका सचिवालय सदस्य कमल चौधरी र नगेन्द्र राईको उपस्थितिमा भएको उक्त भेलाले मंसिर ५ भित्र भक्तपुर, ललितपुर र काठमाडौंमा मोर्चाका जिल्ला कमिटिहरु निर्माण गरिसक्ने निर्णय लिएको छ ।

**काभ्रे जिल्ला संयोजकमा गोपाल घिमिरे**

धुलिखेल । हालै भएको एक भेलाद्वारा काभ्रे जिल्लाको देशभक्त जनगणतान्त्रिक मोर्चा, नेपालको संयोजकमा गोपाल घिमिरे चयन भएका छन् ।

घिमिरेको संयोजकत्वमा ५१ सदस्सीय कमिटि चयन गरिएको छ । सो कमिटिका सचिवालय सदस्यहरुमा जित बहादुर लामा, प्रतीक लामा, मिना तामाङ, कृष्ण श्रेष्ठ, कान्छामान थिङ, देवकुमार लामा, देवकुमार मोक्तान, सौरभराज कायस्थ, टेकबहादुर विक, रामचन्द्र न्यौपाने रहेका छन् भने सदस्यहरुमा सोमनाथ नेपाल, तेजबहादुर रानामगर, मोहनबहादुर विक, सुजन मैनाली, दलबहादुर ढकाल, प्रकाश साह, होमबहादुर माझी, छिरिङ डोल्मु लामा, माधव माझी, विनोद घिमिरे, टोलप्रसाद न्यौपाने, अमर प्रधान, शेरबहादुर प्रधान, लिला रिमाल, रविन मैनाली, विक्रम माझी, रेशम माझी, दिपक माझी, हरिबहादुर तामाङ, पदमबहादुर प्रधान, चन्चली रिजाल, प्रेम दोर्जे लामा, होमबहादुर साह, नरहरि चौलागाईं, प्रेमध्वज तामाङलगायत रहेका छन् ।

**सल्यान संयोजकमा राजेन्द्र शाह**

खलंगा । जिल्ला सदरमुकाम खलंगामा भएको एक भेलाद्वारा देशभक्त जनगणतान्त्रिक मोर्चा, नेपालको सल्यान जिल्ला संयोजकमा राजेन्द्र शाह चुनिएका छन् ।

शाहको संयोजकत्वमा बनेको १७ सदस्यीय जिल्ला समितिका सदस्यहरुमा उर्दबहादुर ओली, लक्ष्मी शाही, नवीना खड्का, विनिता ओली, अनिल ओली, लिलाराज शाह, निर्मला खड्का, कमला मल्ल, धर्मराज बस्नेत, छिताराम केसी, दलबहादुर खड्का, प्रेमबहादुर सुनार, पदमबहादुर गिरी, धर्मदेवी शाह, लक्ष्मण पुन र जीवन ओली रहेका छन् ।

**रामेछाप संयोजकमा लाङ्घाली मगर**

मन्थली । रामेछापको सदरमुकाम मन्थलीमा भएको एक भेलाले लाङ्घाली मगरको संयोजकत्वमा १९ सदस्यीय देशभक्त जनगणतान्त्रिक मोर्चा, नेपाल रामेछापको जिल्ला समिति निर्माण गरेको छ । सो समितिका सदस्यहरुमा प्रल्हाद केसी, प्रदिप थापामगर, जुवानसिंह तामाङ, इन्द्रबहादुर तामाङ, ऐमानसिंह तामाङ, शिव कार्की, हरिकुमार विक, प्रकाश बुढाथोकी, काजीवावु खड्का, मनोज दर्नालगायत रहेका छन् ।

## जम्काभेट

# दशवर्षे जनयुद्धले क्रान्तिप्रति प्रतिबद्ध हुन प्रेरित गरिरहन्छ

**भक्तराज थापा "अपिल"**
**संयोजक, जनक्रान्तिका घाइते-अपाङ्ग योद्धा संघ**

**तपाईको घाईते जीवनको वारेमा विगत र वर्तमान स्थितिबारे बताईदिनुस न ?**

मुक्ति या मृत्युको सपथ खाएर जनमुक्ति युद्धमा होमिएको एउटा योद्धाका लागि युद्धमा घाइते हुनु सामान्य कुरा थियो । तर सुविधा सम्पन्न अस्पतालमा औषधोपचार हुन नसक्दा झन्डै खुट्टा गुमाउनु पऱ्यो । घाइते अवस्था निकै कहालिलाग्दो र पीडादायी हुने नै भयो । श्रमजीवि सर्वहारावर्गको मुक्तिको अभिलाषाका अगाडि मेरो घाइते जीवन सहायक नै थियो । तर पार्टीको मूल नेतृत्वमा देखापरेको विचलनका कारण पार्टी र क्रान्ति धरासायी बन्न पुग्यो । अन्ततः पार्टी विभाजित हुन पुग्यो । हज्जारौ सहिद, वेपत्ता योद्धा, घाइते योद्धाहरुले देखेको मुक्ति र स्वतन्त्रताको सपनामाथि ठूलो घात गरियो । क्रान्ति पराजित भएपछि घाइते योद्धाहरुको अवस्था बेहाल छ । हामीले भनेका छौं- १० वर्षे जनयुद्ध तथा १९ दिनको जनआन्दोलनविना यो परिवर्तनको कल्पना गर्न असम्भव थियो । युद्ध, आन्दोलनमा घाइते-अपांग भएका योद्धाहरुलाई राज्यले राष्ट्रिय सम्मानसहितको परिचयपत्र उपलब्ध गराउनुपर्छ र दैनिक जीविकोपार्जनका लगायत सम्पूर्ण जिम्मा राज्यले लिनुपर्छ ।

**माओवादी आन्दोलनको वर्तमान स्थितिलाई चाँहि कसरी हेरिरहनु भएको छ ?**

जनयुद्धकालीन माओवादी आन्दोलन र अहिलेको माओवादी आन्दोलनमा आकाश जमिनको फरक छ । मूल नेतृत्वले पार्टी, क्रान्ति र आम श्रमजीवि वर्गलाई धोका दिएपछि पार्टी विभाजित हुन पुग्यो । क्रान्ति असफल हुँदाको स्थितिलाई किताबमा पढेका थियौं, हामीले आफ्नै जीवन व्यवहारमा भोगिरहेका छौं । समाजमा वर्ग अन्तरविरोध रहेसम्म क्रान्तिको प्रक्रिया निरन्तर जारी रहन्छ । मुलुकमा अहिले पनि विगतमा जनयुद्ध गर्नुपर्नाका कारणहरु, परिस्थिति विद्यमान छन् । जनताले महसुस गर्ने गरी कुनै परिवर्तन भएको छैन । सत्तामा पुरानै वर्गको एकाधिर कायम छ । राष्ट्रियता, जनतन्त्र र जनजीविकाका समस्याहरु अझ विकराल बनेर गएका छन् । समाजको यही स्थितिको गर्भबाट नयाँ क्रान्तिकारी पुस्ता हुर्किरहेको छ । अब त्यो पुस्ताले पुरा गर्छ नेपालमा नयाँ जनवादी क्रान्तिको बाँकी कार्यभार । जरुर अहिले माओवादी आन्दोलन विभाजित छ । माओवादी आन्दोलनको एउटा हिस्सा प्रतिक्रियावादी वर्गसँग लहसिन पुगेको छ । अर्को हिस्सा वामपन्थी आवरणमा दक्षिणतिरकै यात्रातिर लागेको देखिन्छ । यसर्थमा, माओवादी आन्दोलनका वैचारिक तथा दार्शनिक नेताको रुपमा स्थापित मोहन वैद्य'किरण' नेतृत्वको नेकपा (क्रान्तिकारी माओवादी) नै सही र क्रान्तिकारी पार्टी हो । नेपालमा नयाँ जनवादी क्रान्तिको बाँकी कार्यभार यही पार्टीको पहलकदमीमा मात्रै सम्भव देखिन्छ । तसर्थ, देशभित्र र बाहिर छरिएर रहेका आम क्रान्तिकारीहरु, सहिद परिवारहरु, घाइते योद्धाहरु र मुक्तिकामी जनताहरु अब क्रान्तिकारी माओवादीको झण्डा वरिपरि गोलबद्ध हुन जरुरी छ ।

**आजको स्थितिबाट जनयुद्धको भिषण दिनहरुको सम्झना गर्दा कस्तो अनुभूति हुन्छ ?**

सामान्य काम गर्दै पढ्दै गरेको एउटा युवा, क्रान्तिको मीठो र महान सपना बोकेर युद्धमा लागियो । मृत्युको रतिभर प्रभाव नगरी वर्गदुश्नसँग थुप्रै युद्ध मोर्चा लडियो । कैयौं रात जंगलमा, कैयौं रात जनताको घर आँगनमा, भोक, तिर्खा र निद्राको प्रवाह नगरी साँच्चै एउटा उदात्त भावका साथ हामीले सुन्दर समाज (संसार)को कल्पना गरेका थियौं । वम र वारुद्धको धुवाभित्र खेल्दै गोलीको निशाना छल्दै गर्दा घाइते हुँदा पनि वर्गदुश्मनका विरुद्ध लड्ने साहसमा कमी आएको थिएन । बरु घाइते जीवन वर्गवैरीका विरुद्ध अझ स्पालितो बनेको थियो ।

अहिले पनि विगतका ती दिनहरु सम्झँदा मभित्रको क्रान्तिकारी योद्धा जुर्मराउँछ र वर्गवैरीका विरुद्ध फेरि पनि जाइलाग्न खोज्छ । हामी क्रान्तिकारी हौं, सपना देख्नुपर्छ । केही लोभीपापीहरु क्रान्तिको प्रक्रियाबाट थाक्न सक्छन्, भाग्न सक्छन्, पार्टी र क्रान्तिलाई धोका दिदै तुच्छ र छुद्र स्वार्थको रछ्यानमा लटपटिन पुग्छन्, तर क्रान्ति जारी रहन्छ । क्रान्तिको आवश्यकताले क्रान्तिकारी नेता र कार्यकर्ताहरु जन्माउँदै लैजान्छ । क्रान्तिकारीहरुमा असीम धैर्यता, दृढ इच्छाशक्ति र त्यागको भावना चाहिन्छ । मलाई दशवर्षे जनयुद्धले क्रान्तिप्रति आशावादी र प्रतिबद्ध हुन प्रेरित गरिहन्छ ।

# उदयपुर संयोजकमा दीलबहादुर विश्वकर्मा

गाईघाट । देशभक्त जनगणतान्त्रिक मोर्चा, नेपाल उदयपुर जिल्लाको संयोजकमा दीलबहादुर विश्वकर्मा चुनिएका छन् ।

विश्वकर्माको संयोजकत्वमा ११ सदस्यीय भेला आयोजक समिति बनेको छ । जसअनुसार उक्त ११ सदस्सीय भेला आयोजक समितिका सदस्यहरु मधुकर थापा, सुनवीर तामाङ, हिरा मगर, बुद्धिमान तामाङ, काजी राउत, इन्द्र श्रेष्ठ, महल राईलगायत रहेका छन् । मोर्चाले मंसिर २९ र ३० भित्र जिल्ला भेला सम्पन्न गर्ने जनाएको छ ।

यसैगरी, मोर्चाका अन्य राज्य, जिल्ला, नगर र गाउँ समितिहरु पनि बन्ने प्रक्रिया तीव्र रुपमा अगाडि बढिरहेको छ । मोर्चाका केन्द्रीय कार्यालय सचिव हरिकृष्ण गजुरेलले मोर्चाका समितिहरु बन्ने क्रम चलिरहेको वर्गदृष्टिलाई जानकारी दिए ।

# आदिवासी जनजाति महासंघद्वारा श्रद्धाञ्जली व्यक्त

काठमाडौं । अखिल नेपाल आदिवासी जनजाति महासंघले श्रद्धाञ्जली व्यक्त गरेको छ । अखिल नेपाल थारु राष्ट्रिय मुक्ति मोर्चामा आवद्ध तथा नेकपा (क्रान्तिकारी माओवादी) सप्तरी जिल्लाका सदस्य वयोवृद्ध नेता लोचन चौधरीको ९० वर्षको उमेरमा निधन भएको भन्दै मृतक चौधरीप्रति हार्दिक श्रद्धाञ्जली व्यक्त गरेको छ ।

आइतबार एक शोक वक्तव्य जारी गर्दै महासंघका संयोजक कमल चौधरीले शोकसन्तप्त परिवारजनप्रति हार्दिक समवेदना प्रकट गरेका छन् । मृतक चौधरी लामो समयदेखि पार्टी र मोर्चाको जिम्मेवारीमा रहँदै आउनुभएको शोक वक्तव्यमा उल्लेख छ ।

BNS Institute
Tuition Classes for :

| SLC | XI & XII | |
|---|---|---|
| -C.Math | -Management | Science |
| -Opt.Math | -Economics | -Physics |
| -Science | -Business Math | -Chemistry |
| -English | -English | -English |
| -Account | | -Basic Mathematics |

Language Course
-Basic English
-Special English

Bridge Course
-Science & Management

Contact : 9849190590, 9803326185, 9823229243

आदरणीय अभिभावक वर्गमा हार्दिक अनुरोध
नयाँ शैक्षिक सत्र २०७३/०७४ मा नर्सरीदेखि कक्षा ९ सम्म आफ्ना नानीबाबुहरूलाई भर्नाका लागि आवेदन फारम भर्नु भई सीट सुरक्षित गर्नुहोला ।
ज्वालादेवी विद्या मन्दिर हाँडेगाउँ, ललितपुर
सम्पर्क नं. ९८४१२२६६४७, ९८४१३३७९२२

विजयादशमी ०७३ को हार्दिक मंगलमय शुभकामना !
आरामदायी र भरपर्दो यात्राका लागि हामीलाई सम्झनुहोस् ।
मितेरी यातायात एण्ड अटो प्रा.लि.
प्रधान कार्यालय : कलंकी, काठमाडौं, फोन नं. : ०१-४२७००७४, ४२७६३८१
तेह्रथुम सम्पर्क : डिल्लराम रेग्मी (९८५२०६०२५४) फोन नं. : ०२६-४६०२५४
कृपया, टिकट र रिजर्भका लागि हामीलाई सम्झनुहोस् ।

विजयादशमी ०७३ को हार्दिक मंगलमय शुभकामना !
आरामदायी र भरपर्दो यात्राका लागि हामीलाई सम्झनुहोस् ।
नारायणी यातायात व्यवसायी संघद्वारा संचालित
टाटा सुमो सेवा
काठमाडौंबाट- हेटौंडा, वीरगंज, चपुर, मिजगढ, रत्नपुर
फोन नं. : ०१-५१८७२५६, बल्खु, काठमाडौं ।

धौलागिरी अञ्चल बस व्यवसायी सञ्चालक समिति
दिपावली ०७३ को हार्दिक मंगलमय शुभकामना !
सम्पर्क
कृष्ण सुवेदी - ९८५१०७८९१२
राम के.सी. - ९८५१०५४२६४
होम छन्त्याल - ९८४७९०६५७२
गोपाल थापा : ९८४१८११२४
माइक्रो काउन्टर
काठमाडौं फोन ०१४३८८३९३
बागलुङ ०६८५२२२२०
काठमाडौंबाट : पोखरा, बाग्लुङ, बेनी, बुर्तिबाङ, दरबाङ, मुक्तिनाथ
बाग्लुङबाट : पोखरा, काठमाडौं बुर्तिबाङ, दरबाङ, बेनी, मुक्तिनाथ
A/C, Tourist Bus, Delux Bus, A/C Micro
SCORPIO, Zeep, TATA SUMO सेवा

## आलोपालो

# भारतीय राष्ट्रपतिको नेपाल भ्रमणसँगै जन्मिएका प्रश्नहरू



रोशन 'जनकपुरी'

भारतीय राष्ट्रपति प्रणव मुखर्जी नेपाल आइपुगेका छन् । कुनै पनि देशमा विदेशी राष्ट्र प्रमुख वा शासन प्रमुखको भ्रमण स्वभाविक प्रक्रिया नै हो । देशमा आउने पाहुनाहरुको स्वागत-सत्कार र सुरक्षाको व्यवस्थापन राज्यले तदारुकताका साथ गर्नु पनि स्वभाविक नै हो । तर भारतीय राष्ट्रपतिको आगमनबारे वर्तमान सरकारले लिएको निर्णय भने अस्वाभाविक देखिएको छ र यसले देशको कुटनीति र स्वाभिमानबारे थुप्रै प्रश्नहरु खडा गर्दछ ।

२०७३ कार्तिक ११ गते बसेको मन्त्रिपरिषद्को वैठकले भारतीय राष्ट्रपति नेपाल आउने दिनलाई सार्वजनिक बिदा दिने निर्णय गरेको छ । रोचक के छ भने मन्त्रीपरिषद्ले आफ्नो निर्णयमा भारत र चीनका राष्ट्रपति नेपाल आउने दिनलाई सार्वजनिक विदा दिने भनेको छ । मन्त्रीपरिषद्को यो निर्णय पढ्दा यस्तो बुझिन्छ मानौं केही दिनभित्रै चिनियाँ राष्ट्रपतिको पनि नेपाल भ्रमण हुँदैछ । तर गत महिना भारतमा भएको 'ब्रिक्स' सम्मेलनमा भाग लिन आएका चिनियाँ राष्ट्रपति सि जिनपिङलाई नेपाल ल्याउने कुरा प्रधानमन्त्री पुष्पकमल दाहाल 'प्रचण्ड' र उनका कुटनैतिक डफ्फाले जतिसुकै गफ लगाएपनि सफल भएन । चिनियाँ कुटनीतिक अधिकारीहरुको अभिव्यक्तिबाट तत्कालै चिनियाँ राष्ट्रपतिको नेपाल भ्रमणको सम्भावना नरहेको प्रष्ट भईसकेको छ । यस्तोमा भारतीय राष्ट्रपतिको नेपाल आगमनको बेला सार्वजनिक विदाको निर्णय गर्दा नेपाल सरकारले चिनियाँ राष्ट्रपतिको सन्दर्भ जोड्नुपर्ने आवश्यकता किन पऱ्यो भन्ने प्रश्न उठ्नु स्वाभाविक नै हो । सरकार समर्थकहरुले यसलाई सन्तुलित परराष्ट्र नीति भन्न सक्छन् । तर 'छोरो पाउने कहिले-कहिले, कन्दनी चाहियो अहिले' भन्ने नेपाली उखान जस्तै यसलाई तत्काल सम्भावना नै नरहेको सन्दर्भ जोडेर सन्तुलित परराष्ट्र नीतिको भद्दा प्रदर्शन मात्र भन्न सकिन्छ । बरु यसले परराष्ट्र र कुटनीतिको क्षेत्रमा नेपालको पक्षधरता र छद्म तटस्थता नाङ्गो भएको छ ।

यसै प्रसंगसंग जोडिएको अर्को प्रश्न हो, भारतीय राष्ट्रपति नेपाल आउँदा सार्वजनिक विदाको घोषणा जस्तो अस्वाभाविक निर्णय गर्नुपर्ने आवश्यकता किन पऱ्यो । विदेशी पाहुना अझ निकटतम छिमेकी मित्र राष्ट्रकै प्रमुख भएकाले उनको भव्य स्वागत-सकत्कार र सुरक्षाको व्यापक व्यवस्था गर्नु स्वाभाविकै हो । तर विदा नै घोषणा गर्नुपर्ने कारण के होला ? यसले सत्ताभित्रको परनिर्भरता, हीनताबोध र कृपा आकांक्षा दर्शाउँछ । ओबामा र पुटिन जस्ता विश्वका शक्तिशाली राष्ट्र प्रमुख आउँदा त स्वयम् भारत सरकारले विदा घोषणा गरेन । नेपालको राष्ट्रपति जाँदा त के कुरा गर्नु । यस्तोमा नेपाल सरकारले विदाको घोषणा गरेर दुई देशवीचको सत्ताधारीहरुमाथि लाग्दै आएको आरोप असमान सम्बन्धमाथि आफैं मोहर लगाएको छ । केहि महिना पहिले भारत भ्रमणको क्रममा नेपालका प्रधानमन्त्री प्रचण्ड र भारतीय प्रधानमन्त्री मोदीको पच्चीस बुँदे संयुक्त वक्तव्यमा उल्लेखित केहि बुँदाप्रति आपत्ति प्रकट गर्दै वक्तव्यलाई राष्ट्रघाती र प्रचण्ड सरकारलाई भारतपरस्त भनेर आलोचना जारी रहेकै बेला सरकारले आलोचकको हातमा अर्को मुद्दा दिएर आरोपको पुष्टि गरे झैं भएको छ ।

प्रचण्ड-मोदीको पच्चीस बुँदे संयुक्त वक्तव्यमा कुटनैतिक हिसावले तीनवटा बुँदा महत्वपूर्ण थिए- अन्तराष्ट्रिय परिघटनाहरुबारे दुई देशको समान धारणा, संयुक्त राष्ट्रसंघको स्थायी सदस्यताका लागि भारतको समर्थन र नेपालमा भारतीय सहयोगमा भईरहेको कामहरुको अनुगमनका निम्ति नेपाल सरकार र नेपालमा रहेको भारतीय राजदूतावास सम्मलित अनुगमन टोलीको गठन । स्पष्ट छ, यो भारतसामू नेपालको कुटनैतिक आत्मसमर्पण थियो । माथि उल्लेखित तीनवटा बुँदामध्ये पहिलो अन्तर्राष्ट्रिय परिघटनाहरुमा दुई देशको समान धारणा हुनेछ भन्ने स्वीकार गर्नुले नेपाललाई भारतीय लबीमा पुऱ्याएर नेपालको असंलग्न परराष्ट्र नीति र कुटनैतिक तटस्थता भंग भएको छ । दोस्रो, नेपालको परराष्ट्र र कुटनीतिसामू उसका दुई ठूला मित्र देश भारत र चीनवीचको द्वन्द र दक्षिण एशियामा भारत-पाकिस्तानबीचको द्वन्द्वात्मक सम्बन्ध कति विचित्र छ भने एकातिर दुई देशबीच सीमा विवाद र पाकिस्तानसँगको सम्बन्धको कारण चीन-भारतमा कटुता देखिन्छ भने अर्कोतिर नवोदित आर्थिक शक्तिहरुको संगठन 'ब्रिक्स'मा संयुक्त उपस्थिति र अमेरिकी प्रभुत्वको अन्तर्राष्ट्रिय मुद्राकोष (आईएमएफ)को समानान्तर 'ब्रिक्स' देशहरुको लगानीमा खोलिएको न्यू डेभलपमेन्ट बैंकको हेडक्वार्टर चीनको संघाईमा र अध्यक्ष भारत हुनुले दुई देशबीचको मैत्रीपूर्ण आर्थिक प्रतिद्वन्द्विता पनि उल्लेखनीय छ । त्यस्तै, भारत-पाकिस्तानबीच कश्मिर मुद्दा, सीमा विवाद र आतंकवादको विवादको कारण सीमामा अहिले दिनहुँ गोली हानाहान जारी छ । तर यति कटुताका बीच पनि दुई देशबीचको व्यापारिक सम्बन्ध जारी नै छ । अझ कुटनैतिक क्षेत्रमा अति आक्रामक देखिएको भारतले यति हुँदा पनि पाकिस्तानलाई अति रुचाइएको देश (मोस्ट फेभर्ड नेशन) को दर्जाबाट हटाएको छैन । यसबाट के बुझिन्छ भने नेपालको निकटतम कुटनैतिक मित्र देशहरु भारत-चीन र पाकिस्तानको त्रिकोणात्मक सम्बन्धमा केहि स्थायी कटु मुद्दाहरु रहेपनि आर्थिक र अन्तर ाष्ट्रिय परिदृश्यमा सम्बन्धहरु गतिशीलता र उतार चढावको सम्भावना पनि त्यसै बोकेको हुन्छ ।

यस्तोमा नेपालको लागि असंलग्न परराष्ट्र नीतिको महत्व प्रदर्शित हुन्छ । निश्चितरुपमा भूपरिवेष्ठित भौगोलिकता सांस्कृतिक निकटताको कारण भारत निकतम मित्र हो । र उसँगको सम्बन्ध तुलनात्मक रुपमा विशिष्ट हुनु पनि स्वाभाविक हो । तर जतिसुकै विशिष्ट भएपनि यसले समानता र देशको सार्वभौमिक प्रतिष्ठाको स्तर नाघ्नु हुँदैन । नेपालको राजनीतिक परिवर्तन र विकासमा भारत अपेक्षित अनपेक्षित विशिष्ट रहेपनि हाम्रो उत्तरी छिमेकी र अन्तर्राष्ट्रिय समुदायको महत्वपूर्ण भूमिकालाई पनि उपेक्षा गर्न सकिँदैन । यस्तो अवस्थामा नेपाल खुलेआम कुनै एउटा लवीमा पिछलग्गु झैं देखिनु घातक हुन सक्दछ । यस परिप्रक्ष्यमा २५ बुँदे वक्तव्यले नेपालको परराष्ट्र नीति असफल र शुन्य कुटनैतिक देखिन्छ । संयुक्त राष्ट्रसंघमा स्थायी सदस्यताको निमित्त भारतले लविंग गर्नु स्वाभाविक नै हो, तर सकारात्मक भएपनि नेपालको कुटनैतिक जवाफ दिएर आफ्नो तटस्थता कायम राख्नु पर्दथ्यो । यो विषय प्रचण्ड-मोदीको संयुक्त वक्तव्यमा पर्नु नेपालको कुटनैतिक भूल हो ।

त्यसरी नै नेपालमा भारतीय सहयोगमा भईरहेको कामहरुको अनुगमनको निम्ति भईरहेको नेपाल सरकार र भारतीय राजदुतावास सम्मिलित अनुगमन टोली गठन गर्ने बुँदा राखेर नेपाल सरकारको हैसियत दुतावास बराबर हुन जान्छ । वस्तुतः समानताको स्तरमा दुई देश सम्मिलित अनुगमन टोली गठन गर्ने उल्लेख हुनु पर्दथ्यो । समग्रमा २५ बुँदे वक्तव्यमा रहेका यी ३ वटा बुँदाले नेपाललाई भारतीय लवी कुटनीतिको पिछलग्गु र भुटानको हैसियतमा पुऱ्याएको देखिन्छ । यसले सत्ताको आत्मसमर्पणवादी चरित्र स्पष्ट हुन्छ । अचम्म के छ भने यति भइसक्दा पनि केहि वाम विरोधको अतिरिक्त सबैतिर मौनता छ । यो भयावह स्थिति हो । यो व्यवस्था मात्रै होइन, देशको अस्तित्वको निम्ति पनि खतरनाक र सम्वेदनशील स्थिति हो । अहिले राज्यसामू हल गरिनुपर्ने थुप्रै प्रश्नहरु छन्- संघीयताका प्रश्न, मधेशी आन्दोलन, संविधान कार्यान्वयन र शासकिय स्वरुपको प्रश्न । अझ यसमा लोकमान प्रकरण पनि थपिएको छ । तर सत्ताधारीहरु जसरी घुँडा टेकेको मुद्रामा देखिन्छन्, उनीहरुले देश र जनताको हितलाई केन्द्रमा राखेर समस्या समाधान गर्छन् भन्नेमा विश्वास गर्न गाह्रो छ ।

यति भनिसकेपछि भारतीय राष्ट्रपतिको आगमन र प्रचण्ड सरकारले सार्वजनिक विदा घोषणा गरेको सन्दर्भ हेर्दा लाग्छ- सरकार २५ बुँदे वक्तव्यमा निहीत मर्म व्यवहारमा लागु गर्ने प्रयास गर्दैछ । अफसोस, हामी एउटा थकित, अन्योलग्रस्त, हीनभाव भएको र आत्मसमर्पणवादी सत्ताका मातहत बाँचेका छौं, जसले जनताका अनन्त संघर्ष र बलिदानबाट प्राप्त प्रगति चेतना र प्रगतिशील एजेण्डालाई थान्को लगाउँदै छ, र पुँजीवादी वर्चस्वको पुरानो शासकीय संरचना हामीमाथि फेरि लाद्न खोज्दैछ ।

भारतीय राष्ट्रपति प्रणव मुखर्जी पुँजीवादी गणतन्त्रको राष्ट्र प्रमुख भएपनि उनी शिष्ट, भद्र र बौद्धिक राजनेता मानिन्छन् । पाहुनाको स्वागत भव्यतापूर्वक गर्नु जरुरी छ, तर विदा....... । अफसोस ! यस पराश्रितमुखी सत्ताको ठाउँमा देशका समग्र उत्पीडित वर्ग र समुदायको हित चिताउनु नै व्यवस्था र जनसत्ताको आवश्यकता टड्कारो छ ।

*(लेखक नेकपा क्रान्तिकारी माओवादीका केन्द्रीय सदस्य तथा मधेशी राष्ट्रिय मुक्ति मोर्चा नेपाल क्रान्तिकारीका केन्द्रीय अध्यक्ष हुन् । )*

# सीपी गजुरेलको 'झुल्कदो घाम'को विमोचन



**वर्गदृष्टि समाचारदाता**

काठमाडौं । कथाकार सीपी गजुरेलद्वारा लिखित कथा संग्रह 'झुल्कदो घाम' विमोचन गरिएको छ । साझा प्रकाशनद्वारा प्रकाशित झुल्कदो घामको नेकपा (क्रान्तिकारी माओवादी)का अध्यक्ष मोहन वैद्य ' किरण'ले कथा संग्रहको विमोचन गरेका हुन् ।

कथा संग्रहको विमोचन कार्यक्रममा नेपाल प्रज्ञा प्रतिष्ठानका कुलपति साहित्यकार गंगाप्रसाद उप्रेती, अखिल नेपाल जनसाँस्कृतिक महासंघका अध्यक्ष इश्वरचन्द्र ज्ञवाली, साझा प्रकाशनका महाप्रबन्धक डोलेन्द्र शर्मालगायतले कथा संग्रहमाथि टिप्पणी गरेका थिए ।

कार्यक्रमका प्रमुख अथिति नेकपा (क्रान्तिकारी माओवादी)का अध्यक्ष मोहन वैद्य 'किरण'ले परिवर्तनका लागि सम्मूर्ण राजनीतिकर्मी र साहित्यिक-साँस्कृतिक फाँटमा कार्यरत सबै एकजुट भएर अघि बढ्नुपर्ने बताए । नेपाली साहित्य क्षेत्रले राणा शासनकाल देखि नै परिवर्तन र रुपान्तरणको आन्दोलनमा महत्वपूर्ण भूमिका खेलेको स्मरण गर्दै उनले नेता सीपी गजुरेलद्वारा लिखित 'झुल्कदो घाम' ले प्रगतिशील रुपान्तरणमा महत्वपूर्ण भूमिका खेल्ने विश्वास व्यक्त गरे ।

देशमा अहिले राष्ट्रिय स्वाधिनता र जनजीविका सवाल जटिल बन्दै गइरहेको उल्लेख गर्दै उनले भूकम्प पीडितका लागि सरकारले कुनै काम नगरिरहेका बेला कलाकार धुर्मुस-सुन्तलीले बस्ती निर्माण गर्ने कार्यले सरकारमाथि गतिलो व्यंग्य प्रहार भएको बताए ।

नेता गजुरेल र आफू करिब ३०/३१ सालदेखि संगै राजनीतिमा क्रियाशील रहँदै आएको र त्यसबीचमा भारतीय जेलमा पनि एउटै समयमा बिताएको स्मरण गर्दै उनले भारतीय जेलमा रहँदा भोगेका पीडालाई गजुरेलले कलात्मक ढंगले कथामा संग्रहित गरेको बताए । नेपालका पञ्चायती कालका भन्दा पनि तल्लो स्तरका लोकतान्त्रिक देश भारतका जेलको स्मरण गर्दै उनले यसले लोकतन्त्रमाथि झनै घृणा पैदा गरेको बताए ।

उनले भने, 'गजुरेल जी र म लगभग सँगसँगै जेलमा पऱ्यौं, उहाँ चेन्नईमा जेल पर्नुभयो, म पश्चिम बंगालमा जेलमा परे । हिरासतमा रहँदा त साह्रै कष्ट हुने अब जेलमा लैजाने भो भनेपछि त खुसी लाग्यो । एक त लोकतान्त्रिक देशको जेल त्यसमाथि पनि म त कम्युनिष्ट पार्टीको सरकार भएको ठाउँमा जेल परेकाले खुसी नै थिए, तर त्यहाँको अवस्था हेर्दा त बिचल्ली रहेछ ।'

झुल्कदो घाम कथा संग्रहका लेखक तथा देशभक्त जनगणतान्त्रिक मोर्चाका अध्यक्ष सीपी गजुरेलले नेपाली समाज रुपान्तरणका लागि सिर्जना आवश्यक रहेको र मेरो सिर्जनाले मेरा उद्देश्यको सेवा गर्छ कि गर्दैन भन्ने चिन्ता आफूमा रहेको बताए । उनले आफूले राजनीतिक काममा व्यस्त रहँदा रहँदै २५ दिनमा नै यो कथा संग्रहमा प्रकाशित १० वटा कथा तयार पारेको उल्लेख गरे ।

नेपाल प्रज्ञा प्रतिष्ठानका कुलपति गंगाप्रसाद उप्रेतीले नेपाली साहित्यको क्षेत्रमा लामो समय राजनीतिमा क्रियाशील रहेका र वैचारिक रुपमा पनि स्पष्ट नेताहरुको प्रवेश हुनु सुखद पक्ष भएको बताए । उनले गजुरेलद्वारा लिखित कथा यथार्थपरक ढंगले प्रस्तुत गरिएको उल्लेख गरे ।

यसैगरी अखिल नेपाल जन साँस्कृतिक महासंघका अध्यक्ष इश्वरचन्द्र ज्ञवालीले गजुरेलका कथा साम्राज्यवादी र साँस्कृतिक साम्राज्यवादीमाथि प्रहार गर्न सफल रहेको टिप्पणी गरे ।

कथा संग्रहमा रहेका कथाले विस्तारवादले विचार र राजनीतिकै कारण क्रान्तिकारीलाई कसरी दमन गर्छ र लोकतन्त्रको हत्या गरिरहेको हुन्छ भन्ने कुरालाई 'विदेशको जेलजीवन' शीर्षकको कथाले राम्रोसँग चिरफार गरेको बताए । उनले गलत उद्देश्यका लागि गरिएको कम्युनिष्ट पार्टीको विभाजन र गलत उद्देश्यका लागि गरिएको एकता जनताको विरुद्धमा हुन्छन् भन्ने सन्देश पनि कथाले दिएको उनले बताए ।

साझा प्रकाशनका महाप्रबन्धक डोलेन्द्र शर्माले 'झुल्कदो घाम' निकै नै आशाको भरोसाको माध्यम बन्न गएको उल्लेख गरे ।

कथाकारका रुपमा गजुरेलको यो दोस्रो पुस्तकाकार कृति हो । यसअघि वि.सं. २०६० उनको प्रतिरोध कथासंग्रह प्रकाशित भएको थियो भने २०३८ सालमा मधु खण्डकाव्य प्रकाशित भएको थियो ।

राजनीतिक क्षेत्रमा भने उनका 'ऐतिहासिक भौतिकवाद के हो ?', 'तीन महापुरुषको जीवनी (मार्क्स, लेनिन र माओ)', 'पेरु क्रान्तिबारे', 'नेपाली क्रान्तिका राजनीतिक पहलहरु', 'क्रान्ति र प्रतिक्रान्तिका शृंखला', पोलिटिकल प्रेस्पेक्टिभ अफ दि नेप्लीज रिभोलुसन' लगायतका कृति प्रकाशित छन् ।

# क्रान्तिकारी माओवादीको सल्यान सेक्रेटरीमा यज्ञराज ओली

खलंगा । नेकपा (क्रान्तिकारी माओवादी)को सल्यान जिल्ला समिति गठन भएको छ । सदरमुकाम खलंगामा आयोजित जिल्ला भेलाले यज्ञराज ओलीलाई पार्टीको जिल्ला सचिवमा चयन गरेको छ । यसैगरी उनको नेतृत्वमा गठन गरिएको जिल्ला समितिका अन्य सदस्यहरुमा चक्रबहादुर शाह, राजेन्द्र शाह, लक्ष्मी शाही, उर्दबहादुर ओली, ध्रुब ओली, धनराज खड्का, डिल्ली ओली, लोकेन्द्र ओली, डम्बर विक र रणविजय खड्कासहित २१ सदस्य रहेका छन् ।

यस्तै जिल्ला भेलाले अखिल (क्रान्तिकारी)को जिल्ला अध्यक्षमा धर्मराज खड्का र सचिवमा डिल्ली ओलीलाई चयन गरेको छ भने युवाको जिम्मा डम्बर विक र अखिल नेपाल महिला संघ (क्रान्तिकारी)को जिम्मा लक्ष्मी शाहीलाई दिएको छ । भेलाले जिल्लाभर पार्टीलाई विस्तार गर्ने तथा पार्टी केन्द्रले सञ्चालन गर्दै आएको शुभेच्छुकसँग स्वेच्छिक रुपमा १ हजार रुपैयाँ सहयोग लिने कार्यक्रममा दृढतापूर्वक लाग्ने निर्णय पनि गरेको पार्टी केन्द्रीय सदस्य कुमार शाहले जानकारी दिए ।

# पत्रकार हुमागाई आईसीयुमा

**वर्गदृष्टि समाचारदाता**



काठमाडौं । क्रान्तिकारी पत्रकार महासंघका केन्द्रीय सल्लाहकार रामचन्द्र हुमागाई गम्भीर विरामी परेका छन् । विभिन्न रोगको लामो समयदेखि उपचार गराइरहेका हुमागाई तीन दिनअघि अचेत बनेपछि काठमाडौंको सिनामंगलस्थित काठमाडौं मेडिकल कलेजको एमआईसीयुमा उपचारका लागि भर्ना गरिएको हो । बेलुका सबैसँग खाना खाएर सुतेका हुमागाई विहान अबेरसम्म पनि नउठेपछि ढोका खोलेर हेर्दा उनी अचेत अवस्थामा भेटिएपछि उपचारका लागि अस्पताल भर्ना गरिएको परिवारजनले जनाएको छ ।

उनको कलेजोको माथिल्लो भाग फुटेर आन्तरिक रत्तश्राव भएको हुनसक्ने र यसैले मस्तिष्कमा समस्या पैदा गरेका कारण होस आउस समय लाग्ने बताएको उनको परिवारको भनाई छ । अझैपनि उपचार जारी रहेका कारण यही रोग हो भन्नेबारेमा भने केही पत्ता लाग्न सकेको छैन । उनी गत असोजमा पनि स्वास्थ्य समस्ययाका कारण सोही अस्पतालमा भर्ना भएर उपचार गराएका थिए । लामो समयदेखि पत्रकारितामा क्रियाशील उनी नेपाल भूमी साप्ताहिकका प्रधानसम्पादक हुन् ।

लामो समयदेखि परिवर्तनको पक्षमा निरन्तर कलम चलाइरहनुभएका हुमागाई राष्ट्रियता र क्रान्तिकारी चेत भएका पत्रकारमा गनिन्छन् ।

## संविधान...

संविधानको प्रावधानलाई संशोधनमार्फत् संविधानमा थप गर्न लागेको बुझिएको छ । सरकारले व्यवस्थापिका संसद बैठक सुरु भएपछि संविधान संशोधन विधेयक संसदमा दर्ता गर्ने तयारी गरेको छ । संसद बैठक २५ गतेका लागि बोलाइएको छ । क-कसले पाउँछन् अंगीकृत नागरिकता ? नयाँ संविधानको धारा ११ मा नागरिकतासम्वन्धी व्यवस्था छ । सो धाराको उपधारा (५) अनुसार नेपाली आमाबाट नेपालमै जन्मिएको र बाबुको पहिचान हुन नसकेको व्यक्तिलाई बंशजको नागरिकता दिइनेछ । तर, पछि बाबु विदेशी नागरिक भएको ठहर भएमा उसको नागरिकता अंगीकृतमा परिणत हुनेछ ।

त्यसैगरी उपधारा (६) अनुसार नेपाली नागरिकसँग विवाह गरेकी विदेशी महिलाले चाहेमा अंगीकृत नागरिकता लिन सक्नेछिन् । त्यस्तै उपधारा (७) अनुसार विदेशी नागरिकसँग बिहे गरेकी नेपाली महिलाबाट जन्मिएको व्यक्ति नेपालमै स्थायी बसोबास गरेको छ र, विदेशी नागरिकता लिएको छैन भने पनि अंगीकृत नागरिकता पाउँछ । तर, उसले नागरिकता पाउँदाको बखतमा आमा र बाबु दुबै नेपाली नागरिक रहेछन् भने नेपालमा जन्मिएको व्यक्तिले वंशनको आधारमा नागरिकता पाउनेछ ।

**दाहालको दलालीको अर्को नमूना**

प्रम दाहालको संविधान संशोधनको उल्लेखित तयारीलाई भारतीय शासकवर्गको दलालीको अर्को रुप भएको भनी टिप्पणी र विरोध गरेका छन् । संविधान जारी गरेलगत्तै असन्तुष्टी जनाएको भारतीय शासकवर्गले संविधान संशोधनका लागि भनेर सात बुँदे संशोधन प्रस्ताव सार्वजनिक गरेको थियो । सातबुँदा मध्ये एक अंगिकृत नागरिक पनि नेपालको राष्ट्रपति र प्रधानमन्त्री हुन पाउने व्यवस्था संविधानमा राखिनु पर्ने भन्ने थियो । यस्तो प्रावधान राखेर संविधान संशोधन गरे मुलुकका लागि यो आत्मघाती हुने राजनीतिक विश्लेषकहरुको ठहर छ ।

## भद्रगोलमै...

सरकारले शान्ति प्रक्रियाका बाँकी कार्यभार पूरा गर्न नचाहेको आरोप लगाएका थिए । छिमेकीसँगको सम्बन्ध सुधार गर्ने वचन दिएका दाहालले भारतसँग राष्ट्रघाती सम्झौता गरेका छन् भने चीनसँगको सम्बन्ध जटिल बनेको देखिएको छ ।

दाहालको भारत नीतिका कारण चीनसँग हुने भनिएको पारबहन सन्धीसम्बन्धि बैठक चीनले एक तर्फी रुपमा स्थगित गरेको छ भने चिनियाँ राष्टदाहालको भारत नीतिका कारण चीनसँग हुने भनिएको पारबहन सन्धीसम्बन्धि बैठक चीनले एक तर्फी रुपमा स्थगित गरेको छ भने चिनियाँ राष्ट्रपति सी जिनपिङले गर्ने भनिएको भ्रमण तयारी नपुगेको भन्दै स्थगित गरेको छ । दाहाल प्रधानमन्त्री भएको तीन महिनासम्म पनि पार्टीभित्र देखिएको भद्रगोल कायमै रहेको छ ।




प्रकाशक : रामसिंह बुढाथोकी, प्रबन्ध निर्देशक : बद्री बजगाँई, सम्पादक : इन्द्र राउत, कार्यालय : बुद्धनगर, काठमाडौं, सम्पर्क : ९८५११३४८३०, इमेल : bargadristi073@gmail.com, मुद्रण : सुजल अफसेट प्रेस, बागबजार, काठमाडौं